जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



जंगली च्याउहरु विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ खाने गरौं ।
जीवन सुरक्षित गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष २५ • अंक २६३ • २०८० साल फाल्गुन ७ गते सोमबार (19 Feburary, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


# मुख्यमन्त्रीको पक्षमा भारी बहुमत

## गठबन्धन एक जुट, एमाले र जनमत विपक्षमा



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले तेस्रो पटक विश्वासको मत पाएका छन् ।

प्रदेश सभाको वैठकमा उपस्थित १०४ जना प्रदेश सभा सदस्य मध्ये ६९ जनाले मुख्यमन्त्रीको पक्षमा र ३५ जनाले विपक्षमा मतदान गरेका छन् । सभामा उपस्थित प्रदेश सभा सदस्य १०४ जना मध्ये बहुमत पाउन मुख्यमन्त्रीलाई ५३ मतको आवश्यक रहेको थियो ।

प्रदेश सभाबाट दुई पटक सभाको शतप्रतिशत मत पाएका मुख्यमन्त्री यादवले यस पटक मात्र ६९ मत पाएका छन् । कांग्रेस, जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), माओवादी केन्द्र र एकीकृत नेकपा समाजवादी पार्टी , रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी सहितका पार्टीका प्रदेश सभा सदस्यहरुले मुख्यमन्त्रीको पक्षमा मत दिएका छन् ।

यता, सभामा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा मुख्यमन्त्री यादवले सरकारले राम्रो काम नगरेपनि नराम्रो काम पनि नगरेको बताए ।

विश्वास मत लिने क्रममा सभामा उठेका प्रश्नहरुको जवाफ दिदै मुख्यमन्त्री यादवले भने,' अधिकांश माननीयहरु भन्नुहुन्छ, सरकारले राम्रो काम गरेको छैन । ठिक छ, सरकारले राम्रो काम गरेको छैन भनेर नराम्रो काम पनि त गरेको छैन नि । तर मलाई लाग्छ सरकारले अहिले सम्म जे गरेको राम्रो काम गरेको छ । खराब काम एउटा पनि गरेको छैन र गर्दैन पनि ।'

राष्ट्रिय सभाको निर्वाचन, जनमत सरकारबाट अलग लगायतका कारण विकास निर्माणको कार्य ढिलाइ हुन पुगेको उल्लेख गर्दै उनले भने,' यस वर्ष पूरै बजेट खर्च हुन्छ । विगतका वर्षहरु जस्तो हुँदैन । आगामी जेष्ठ मसान्त भित्रै विकास वजेट खर्च हुने हाम्रो लक्ष्य छ ।' माननीयहरुको योजनाहरु पनि सबै कार्यान्वयन हुन्छ, तपाईहरु ढुक्क हुनुस्, तपाईहरुको योजनाहरु यताउत्ता हुँदैनन, मुख्यमन्त्री यादवले भने ।

सभामा सम्बोधन गर्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले सरकारको पछिल्लो एक वर्षको कार्यकाल सन्तोषजनक नरहेको भन्दै मुख्यमन्त्रीलाई विश्वासको मत नदिने पार्टीको निर्णय भएको बताए ।

मुख्यमन्त्रीलाई विश्वासको मत नदिए पनि संघीयता, प्रदेश, मधेशी जनताको सरोकारसँग जोडिएको विषयमा आफूहरु सधै सरकारको सहयात्रीको रुपमा काम गर्न तयार रहेको बताए । उनले प्रदेश सभा सदस्यहरुको योजनाको चिठ्ठी आफूखुशी बाड्ने काम यथाशीघ्र बन्द हुनु पर्ने बताए । प्रदेश सभा सदस्यहरुको योजनाको चिठ्ठी आफ्ना नेता कार्यकर्तालाई बाड्नुले प्रदेश सरकार भ्रष्टाचार, कार्यकर्ता पालन केन्द्र बनाउन चाहेको आरोप समेत लगाए ।

नेपाली कांग्रेसका संसदीय दलका नेता तथा भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण प्रसाद यादवले आफूहरु सरकारको सहयात्री भए पनि सरकारको कार्यबाट पूर्ण सन्तोष हुन नसकेको बताए । हामी ८ महिनादेखि सरकारमा छौ, उनले भने,'प्रदेशमा जसपा नेतृत्वको सरकार छ, तर सरकारको कार्य सन्तोजनक देखिएको छैन ।'

सरकारको गतिविधि विगत जस्तै रहेको खण्डमा आफूहरु पनि सरकारको गुण र दोषको अधारमा समर्थन वा विरोध गर्ने अधिकार आफूहरुसँग सुरक्षित रहेको बताए । मधेश प्रदेश संघीयताको जननी रहेको बताउँदै मन्त्री यादवले भने,'मधेश प्रदेश सरकारले राम्रो काम गर्न सकेन भने संघीयताविरुद्ध आवाज उठन थालेको छ । त्यसकारण प्रदेश सरकार यो विषयमा बेलैमा सचेत हुनु आवश्यक छ ।'

त्यसैगरि, माओवादी केन्द्रका संसदीय दलका नेता भरत प्रसाद साहले पनि सरकारको सन्तोष जनक कार्य नरहे पनि आगामी दिनमा सुधार गर्दै काम हुने अपेक्षा सहित विश्वासको मत पुनः दिने बताए ।

सत्ता गठबन्धन दलको वैठकमा मुख्यमन्त्री यादवले विगतका आफ्ना कमिमजोरी सच्याउछु भनेर प्रतिबद्धता जनाएकाले मुख्यमन्त्रीलाई विश्वासको मत दिने उनले बताएका थिए ।

जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवले आफूहरुको काममा मुख्यमन्त्री यादवको अवरोध गर्ने गरेको कारण आफूहरु सरकार छोडेको आरोप लगाए । एका तिर मुख्यमन्त्री ज्युले सरकारको अकार सानो बनाउने भन्नु हुन्छ, उनले भने, 'तर अर्को तिर आफ्नो पार्टीको माननीयहरुलाई व्यवस्थापन गर्न मन्त्रालयको संख्या थपिदै गएका छन् ।'

वर्तमान कमिशनको भरमा योजनाहरुको बाँडफाँटमा हुने गरेको बताउँदै आफ्नो भागमा परेका मन्त्रालयका योजनाहरु पनि कमिशनको लोभमा थाहा नै नदिइ अर्थ मन्त्रालयबाटै वितरण हुने गरेको कारण आफूले बाध्य भएर सरकार छोडेको उनले बताए ।

> सत्ता गठबन्धन दलको वैठकमा मुख्यमन्त्री यादवले विगतका आफ्ना कमिमजोरी सच्याउछु भनेर प्रतिबद्धता जनाएकाले मुख्यमन्त्रीलाई विश्वासको मत दिने उनले बताएका थिए ।

# धन्न जोगिए मुख्यमन्त्री यादव

## सरकार ढाल्ने षडयन्त्र असफल, मुख्यमन्त्रीमा भरत साह प्रस्तावित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारलाई ढाल्ने 'सकुनी' षडयन्त्र असफल भएपछि आइतबार मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत प्राप्त गरेका छन् । उनको पक्षमा ६९ मत परेको थियो ।

सरकार ढाल्न सत्ता गठबन्धनका माओवादी केन्द्र र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले गरेको षडयन्त्रमा नेकपा एमाले, जनमत पार्टी र स्वतन्त्र ४ जना सभासद सहभागी थिए ।

भारतको सीतामढी जिल्लाको सीमावर्ती सुरसण्डमा शनिवार राति मधेश प्रदेशका सभासदहरुको झण्डै ४ घण्टा लामो बैठकमा मुख्यमन्त्री यादवलाई विश्वासको मत नदिने सहमति गरेको उच्च स्रोतले जनकपुर टुडेलाई बताए ।

उच्चस्रोतका अनुसार सरकारलाई अल्पमतमा पार्न जनता समाजवादी पार्टी( जसपा)का केही सभासदहरु पनि सकृय थिए ।

स्रोतहरुका अनुसार बैठकको अगुवाई माओवादी र लोसपाले संयुक्त रुपमा गरेको थियो । जनमत पार्टीले सरकार छाडेदेखि नै सरकारको नेतृत्व ताकेको माओवादीले लोसपा, जनमत र एमालेलाई समेत विश्वासमा लिन सफल भएको थियो ।

हाल माओवादीवाट सरकारमा पर्यटन, उद्योग तथा वाणिज्य मन्त्री सुनिता यादव रहेकी छन् । सो मन्त्रालयमा माओवादीका रहवर अन्सारी राज्यमन्त्री छन् ।

स्रोतका अनुसार सुरसण्ड बैठकमा मन्त्री यादव बाहेक माओवादीका ८ जना सभासद सहभागी भएका थिए । लोसपाका ५ जना सभासद बैठकमा सहभागी थिए । जितेन्द्र सोनल, रमिता प्रधान, रमेश प्रसाद कुर्मी र जयनुल राइन अनुपस्थित रहेका थिए ।अदालतबाट जन्मकैदको सजाय पाएर अदृश्य रहेका अभिराम शर्मा पनि बैठकमा रहेको स्रोतले जनाए । उपेन्द्र महतो, रानी कुमारी तिवारी , रामवावु यादव र रुपाकुमारी यादव बैठकमा उपस्थित रहेका थिए ।

मधेश प्रदेश सभामा १ सय ७ जना सभासद रहेका छन् । त्यस मध्ये लोसपाका १ जना अदृश्य छन् ।

कुर्मी सरकारमा वन मन्त्री रहेका छन् । संघीय सरकारमा श्रम मन्त्री रहेका शरतसिंह भण्डारीले सुइको पाएपछि राइन र प्रधानलाई रोकेपछि लोसपाको अभियान असफल भएको बैठकमा सहभागी एकजना सभासदले बताए ।

सत्ता गठबन्धनमा रहेका लोसपा र माओवादीको गरी १८ जना सभासद रहेका छन् । एमालेका २४ जना र जनमतका १३ जनाले सरकारलाई विश्वासको मत नदिँदा सरकार अल्पमतमा पर्ने निश्चित थियो । सरकारको विपक्षमा साना ३ पार्टीका तीन जना र एकजना स्वतन्त्र सभासद पनि रहेका थिए । राष्ट्रिय प्रजातन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टीका सभासदहरु बैठकमा सहभागी रहेको बताइएको छ । सरकारको विपक्षमा ५९ जना सभासद पुगेको दाबी जनमत पार्टीका एकजना नेताले गरेका छन् ।

जसपा र कांग्रेसका पनि केही सभासदहरु अनुपस्थित रहने दाबी सरकारविरुद्ध लागेका सभासदहरुले गरेका छन् । सरकारलाई अल्पमतमा पारेर माओवादी संसदीय दलका नेता भरत साहको नेतृत्वमा अर्को सरकार गठन गर्ने सहमति समेत भइसकेको थियो ।

### सरकार ढालेर बन्ने सरकारमा

**मुख्यमन्त्री माओवादीका भरत साह**
**माओवादीको थप १ मन्त्रालय**
**नेकपा एमालेको २ मन्त्रालय**
**जनमत पार्टीको २ मन्त्रालय**
**लोसपाको ३ मन्त्रालय**
**साना पार्टीको २ मन्त्रालय**

उच्चस्रोतका अनुसार सरकारमा रहने मन्त्रीहरुको संख्या पनि दलगत रुपमा बाँडफाँट गरिएको थियो । साना पार्टीका सभासदहरुलाई पनि सरकारमा सहभागी गराउने प्रतिबद्धता बैठकमा गरिएको थियो । स्रोतका अनुसार उनीहरुलाई भने राज्यमन्त्री दिनेमा अन्य दलहरुले आन्तरिक सहमति गरेका थिए ।

उच्च स्रोतका अनुसार सरकारमा एमालेले २ मन्त्रालय, लोसपाले ३ मन्त्रालय, माओवादीले मुख्यमन्त्री सहित २ मन्त्रालय, जनमत पार्टीले २ मन्त्रालय पाउने भागबण्डा लगाइएको थियो ।

माओवादीबाट मुख्यमन्त्रीमा भरत साहको नाम टुंगो लगाइएको थियो । लोसपाबाट उपेन्द्र महतो, रानी शर्मा र रामबाबु यादव र रुपा यादव मध्ये एकजना मन्त्री हुने सहमति भएको थियो । रुपा प्रदेश सभा समितिको सभापति रहेकीले रामबाबु यादवलाई सरकारमा पठाइने आश्वासन दिएको थियो ।

एमालेका एकजना सभासदले सरकारमै सहभागी रहेका दलहरुले सरकार ढाल्ने तयारी गरेपछि आफ्नो पार्टीले सहयोग मात्र गरेको बताए । 'एमालेले चाहेर सरकार ढाल्ने संभावना नरहेकाले गठबन्धनकै दलहरुले अगुवाई गरेपछि सहयोग गरेका छौं' उनले भने, सबै टुंगो लागिसकेपछि अन्तमा लोसपाले धोका दिएकाले अभियान विफल भएको हो ।

बैठकमा सहभागी लोसपाका एकजना सभासदका अनुसार श्रममन्त्री भण्डारीले प्रधान र राईनलाई बैठकमा जानबाट रोकेपछि गोपनीयता भंग भएको थियो । सरकारविरुद्ध भारतीय भूमिमा गरिएको बैठकको सूचना चुहिएपछि कयौं नेता र शक्ति केन्द्रले दिएको दबाब खप्न नसकेकै कारण मुख्यमन्त्री यादव जोगिएको उनले बताए ।

मुख्यमन्त्री सरोज कुमार यादवले शनिबार बिहान गठबन्धनमा रहेका पार्टीका संसदीय दलका नेताहरुसित विश्वासको मतको विषयमा छलफल गरेका थिए । त्यस अघि शुक्रवार संघीय गठबन्धन दलका शीर्ष नेताहरुको बैठकले मधेश प्रदेशमा मुख्यमन्त्री यादवलाई विश्वासको मत दिने निर्णय गरेको थियो ।

तर त्यस निर्णयलाई नेपाली कांग्रेसले अक्षरशः पालना गरेको हो । शीर्ष नेताहरुको निर्णयलाई लोसपा र माओवादी केन्द्रका सभासदहरुले धोती लगाइदिएका थिए ।

> स्रोतका अनुसार सुरसण्ड बैठकमा मन्त्री यादव बाहेक माओवादीका ८ जना सभासद सहभागी भएका थिए । लोसपाका ५ जना सभासद बैठकमा सहभागी थिए । जितेन्द्र सोनल, रमिता प्रधान, रमेश प्रसाद कुर्मी र जयनुल राइन अनुपस्थित रहेका थिए ।अदालतबाट जन्मकैदको सजाय पाएर अदृश्य रहेका अभिराम शर्मा पनि बैठकमा रहेको स्रोतले जनाए । उपेन्द्र महतो, रानी कुमारी तिवारी , रामवावु यादव र रुपाकुमारी यादव बैठकमा उपस्थित रहेका थिए ।




# विश्व कविता दिवसमा कविता महोत्सव गरिँदै




**टुडे समाचारदाता**

काठमाण्डु । साहित्य सदन नेपालले विश्व कविता दिवसका अवसरमा राष्ट्रव्यापी कविता महोत्सव गर्ने भएको छ । जन प्रज्ञा-प्रतिष्ठानका रूपमा स्थापित सदनले आगामी चैत ८ गते राष्ट्रव्यापी कविता महोत्सव गर्न लागेको हो ।

सदनका अध्यक्ष प्रा डा हेमनाथ पौडेलले उक्त दिन प्रतियोगी कविका साथै अतिथि कविका कविता वाचन, विमर्शका तथा महोत्सव हुने बताए । उनका अनुसार प्रतियोगितामा प्रथम हुनेलाई रु ३० हजार, द्वितीय हुनेलाई रु २० हजार र तृतीयलाई रु १० हजारको पुरस्कार दिइनेछ ।सन् १९९९ मा संयुक्त राष्ट्र सङ्घको शैक्षिक तथा सांस्कृतिक सङ्गठन युनिस्कोले हरेक मार्च २१ लाई विश्व कविता दिवस मनाउने निर्णय गर्दैँगै नेपाल पनि यो दिवस मनाउन थालिएको हो ।

**साहित्यकार भ्रष्ट छैनन् : कुलपति राई**

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भुपाल राईले भ्रष्टाचार र अनियमिततामा अपवादबाहेक कवि साहित्यकारहरू संलग्न नभएको बताएका छन् ।

सर्वोच्च अदालत बार एसोसिएसनको स्वर्ण महोत्सवका अवसरमा एसोसिएसनको भाषा साहित्य, कला संस्कृति समिति, नेपाल कानुन व्यवसायी भाषा साहित्य प्रतिष्ठान र निर्भर दिलचेत वाङ्मयम प्रतिष्ठान नेपालद्वारा 'संरक्षणमा कानुन व्यवसायीको भूमिका र दायित्व' विषयक अन्तरविमर्शमा कुलपति राईले समाजमा हुने गरेका भ्रष्टाचार र अनियमितताका मुद्दामा अपवादबाहेक कवि साहित्यकार संलग्न नभएको बताए ।

साहित्यका विविध विधा र कृति पढ्न कानुन व्यवसायीलाई आग्रह गर्दै उहाँले बहुल भाषाबारे ज्ञान भएमा शब्दहरूको प्रयोगमा अर्थको अनर्थ नलाग्ने र फैसलाहरू त्रुटिरहित हुने बताए ।

कार्यक्रममा पूर्वन्यायाधीश कमलनारायण दासले सबै पक्ष मिलेर नेपाली भाषा र मातृभाषालाई बचाउन अग्रसर हुनुपर्नेमा जोड दिए । प्रा डा भागवत ढकालले भाषाको प्रयोग गर्दा विभिन्न मातृभाषाबाट आएका शब्दको सम्मान गर्नु अत्यावश्यक भएको बताए ।

# नाफामा कालापत्थरबाट खसिरहेका छन् हिउँका थोपा

काठमाण्डु । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान (नाफा) परिसरको एक कुनामा परैबाट त्रिकोणात्मक आकृतिमा सेता डल्ला टलक्क टल्किएका देखिन्छन् । ती सिर्जनाहरु चुचुरोबाट विस्तारै पहाडमा हिउँका थोपाहरु तपतप झरिरहे झैँ लाग्छन् ।

"जलवायु परिवर्तनका कारण विश्व समस्यामा छ । वतावरण विनाशमा सबै नागरिक कुनै न कुनै रुपमा सहभागी छौँ, यसबाट कोही पनि अछुतो छैन । त्यसकारण यो कृति पूर्ण हुन पनि हामी सबै सहभागी हुनुपर्छ भनेर देखाएको हुँ", प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले आफ्नो सिर्जनाबारे खुलाउँदै भने ।

उपकुलपति लामाले प्रतिस्थापन कलामार्फत जलवायु परिवर्तनका कारण हिमालबाट पग्लिरहेको र त्यसरी हिउँ खस्नुमा हामी सबैको भूमिका छ भनेर देखाएका छन् । विश्वव्यापी तापमान वृद्धि र जलवायु परिवर्तनमा हरेक मानिस सहभागी छ, त्यो हामीले बेलैमा रोक्न सकेनौँ भने हिमालहरु सकिने छन् । यसतर्फ ध्यान जानु पर्यो भनेर उनले कलामार्फत विश्व समुदायकै ध्यानाकर्षण गराएका छन् ।

चुहिँदै गरेको हिउँको थोपालाई विम्ब बनाएर उनले प्राकृतिक सम्पदा विनाशोन्मुख भइरहेको देखाउन एक महिना यस्ता सिर्जनामा समय दिएका थिए । प्रकृति प्रदत्त वस्तुको विनाशमा हामी सबै सहभागी छौँ भन्ने देखाउन उनले हिउँका थोपारुपी माटोका डल्लामा रङ दलेर तयार पारिएका सामग्री एकएक आगन्तुकलाई राख्न लगाएर कृतिलाई पूर्णता दिइरहेका छन् । उनले फलामको त्रिकोणात्मक आकृतिलाई जोडेर पहाडको प्रतीक निर्माण गरेका छन् । उनले माटोमा रङ लगाएर हिउँका थोपा बनाउनुभएको छ । फलामको त्रिकोणलाई हिमालको प्रतीक मानेर त्यसमा मसिनो डोरी लगाएर हिमालबाट हिउँका थोपा चुहिरहेको देखाएका छन् ।नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, वास्तुकला तथा अन्य सिर्जनात्मक कला ९बहुआयामिक कला० विभागको आयोजना र ग्यालरी एमक्युबको सहकार्यमा एक महिने 'प्र-कृति : प्रतिस्थापन कला प्रदर्शनी २०८०' हेर्न आएका कला पारखीलाई उपकुलपति लामा एक एक थोपा जोड्न लगाएर कलालाई पूर्णता दिइरहेका छन् ।

अर्का कलाकार सुष्मा सिंहले ढुङ्गामा फूल फूलाउन खोज्नुभएको छ, जुन फूल सदावहार रहिरहन्छ । जनजीवनमा जति पनि बाधा आउँछन् त्यसलाई सहज रुपमा लिनुपर्छ भन्ने देखाउन उनले ढुङ्गालाई प्रयोग गरेका छन् । सेरामिक्सका दर्जनौँ ढुङ्गा बनाएर उनले त्यही ढुङ्गामा फूल फुलाएका छन् । फलामका तारहरुको फुल बनाएर जोडेका छन् । "आशा बाँचिरहोस् भनेर मैले ढुङ्गामा कहिल्यै पनि नओइलिने फूल फुलाउन खोजेकी छु । आशाहरु सकारात्मक हुनुपर्छ भनेर देखाउन खोजेकी हुँ ।"



प्रकृति र मान्छेबीच द्वन्द्व चलिरहेको छ । मानिसले प्रकृतिको विनाश गरिरहेको र त्यसै गरी प्रकृतिले पनि विभिन्न विपत्तिहरूका माध्यमबाट मानिसलाई सजाय दिइरहेको छ । यो प्रदर्शनीले त्यसको जीवन्त चित्र प्रस्तुत गरेको छ । अर्का कलाकार सागर मानन्धरले सङ्घर्षपूर्ण जीवनलाई देखाएका छन् । तेल उत्पादन गर्ने प्रक्रियासँग जोडेर उनले कला सिर्जना गरेका छन् ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, वास्तुकला तथा अन्य सिर्जनात्मक कला ९बहुआयामिक कला० विभागककी प्रमुख, प्रतिष्ठानकै प्राज्ञपरिषद् सदस्य सौरगङ्गा दर्शनधारीले प्रकृतिसँग जीवनको सङ्गम कस्तो छ भनेर प्रष्ट्याउनुभएको छ । मानिसको जन्म र मृत्यु प्राकृतिक नियम हो । प्रकृति अर्थात् रुख, पत, पतिङ्गर, मुढाहरुले पनि आफ्नो अस्तित्व बोकिरहेको छ । ती प्रकृतिहरु कदमकदम मानवसँग आबद्ध भएर नै बसिरहेको हुन्छ ।

आफूले बनाएको प्रतिस्थापन कलाको विम्ब काठको मुढालाई देखाएर उनले भने, "मुढाहरुले मानिस जन्मिँदा तापको रुपमा ऊर्जा दिएको हुन्छ भने मृत्यु हुँदा पनि यसैको तापसँग विलीन भइन्छ । रुखको सम्बन्ध मानिस जन्मेदेखि मुत्युसम्म हुन्छ भनेर मैले देखाउन खोजेकी हुँ, मेरो जीवनसंगी भनेको यही रुख र प्रकृति हो ।" मनिषलाल श्रेष्ठले थरिथरिका कपडामा सफेद रङ भरेर नौलो सन्देश छर्नुभएको छ । मानिसको दोस्रो छाला 'लुगा' एक वैचारिक कला रुपात्मक मानव खोलको रुपमा अभिव्यक्त छ ।

मान्छेलाई शुरुमा चिन्ने भनेको लुगाबाट हो । व्यक्तिको लवाइबाट समाजले त्यही किसिमले सोचाइ बनाउँछ । अनि उसभित्र के छ भनेर बाहिरको प्रस्तुतले दर्शाउँछ । त्यसैलाई उनले कलामार्फत देखाउन खोज्नुभएको छ । जहाँ लामबद्ध रुपमा कपडाहरु राखिएको छ । उनले मानव सुमदायलाई अनुशासनको पाठसमेत सिकाएका छन् । मानिसमा अन्तरआत्मा र बाहिरी कुरा हुन्छ । त्यो दुईबीच हरेक मान्छेमा द्वन्द्व हुन्छ । लहरै रङ पोतेर झुण्ड्याइएका लुगा देखाउँदै उनी भन्छन्, "यो लुगा भनेको मान्छेको बाहिरी आवारण हो । यसलाई बढी मान्छेले माया गर्ने रहेछ, भित्रको आफ्नो अस्तित्वभन्दा । त्यो भित्र र बाहिरको विरोधाभाषलाई दर्शाउन खोजेको हुँ।"

नजिकै विनय रिमालले चराको गुणलाई विम्ब बनाएर प्रकृति विनाश भइरहेको देखाएका छन् । वातावरणीय प्रभावले चराहरुलाई असर गरिरहेको छ भनेर देखाएका छन् । चराका फुलहरु भुँइभरी छन्। रुखभरी गुँडहरु देखाइएको छ । प्रतिस्थापन कलामा सुशान्तसिंह राजभण्डारीले मन्दिरमार्फत शान्तिको सन्देश छर्नुभएको छ । अर्का कलाकार मिना कायस्थले पनि प्रतिस्थापन कलामार्फत समाजसँगको मानवसम्बन्धका बारेमा सन्देश दिएकी छन् ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली प्रतिस्थापन कला भनेकै बहुमाध्यमको प्रयोगबाट विभिन्न भावहरूलाई प्रस्तुत गर्ने कला हो भन्छन् । उनले प्रतिस्थापन कलामा प्राकृतिक वस्तुहरूको प्रयोगबाट प्रकृतिसँगको सम्बन्धलाई अत्यन्त सुन्दर ढङ्गले कलाकारहरूले प्रस्तुत गर्नुभएको स्मरण गरे ।

"कुनै पनि वस्तु स्वयमले बोकेको भावलाई कलाकारले फरक बनाउन सक्ने र फरक-फरक वस्तुलाई फरकफरक भावमा प्रस्तुत गर्न सक्ने खुबी कलाकारमा हुन्छ, सामाजिक उत्पीडनलाई कलामार्फत समसामयिक विषयवस्तुमा उठान गर्न जरुरी छ, प्रतिष्ठानले अहिले त्यही कार्य अघि बढाएको छ, यो त्यसैको सङ्केत हो", उनले भने । उनले जलवायु परिवर्तनले पारेको असरबारे हिमालको रहस्य कला सिर्जना र प्रदर्शनीमार्फत पनि हामीले त्यो सन्देश दिन खोजिरहेका बताए ।

प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली' प्रतिस्थापन कलाको महत्व प्रत्यक्ष रुपमा अनुभूत गर्न सकिने बताउछन् । यहाँ प्रदर्शन गरिएको प्रतिष्ठापन कलाले समाजमा देखे भोगेका घटनाहहरुलाई सुन्दर ढङ्गले प्रस्तुत गरेको उनले स्मरण गरे । प्रकृतिलाई विशेष प्राथमिकतामा राखी प्रकृतिकै काखमा रमाएर दुई साता अघिदेखि सिर्जना गरिएको कलाहरु यहाँ प्रस्तुत गरिएको छ । प्रतिष्ठाको कार्यालय नक्सालमा जारी प्रदर्शनी चैत ३ गतेसम्म रहने छ । यहाँ मुख्यतः प्रकृति र मानवबीचको अन्योन्याश्रित सम्बन्धलाई सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ ।

# 'युवापुस्ताप्रति विश्वास जगाउन आवश्यक'

**टुडे समाचारदाता**

काठमाण्डु । गैरसरकारी संस्था महासङ्घ नेपालले संविधान कार्यान्वयन गर्न, लोकतन्त्रको आधारस्तम्भलाई थप बलियो बनाउनकालागि युवापुस्तामा वर्तमान व्यवस्थाप्रति विश्वास जगाउनुपर्नेमा जोड दिएको छ ।

महासङ्घको २९औं वार्षिक साधारणसभाबाट पारित गरेको ३१ बुँदे 'नागरिक घोषणापत्र २०८०' आइतबार सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा लोकतन्त्रको आधारस्तम्भलाई थप बलियो बनाउन आमनागरिक र विशेषतः युवापुस्तालाई वर्तमान व्यवस्थाप्रति विश्वास जगाउनुपर्ने आवश्यकता औंल्याइएको हो । महासङ्घको घोषणापत्रका भनिएको छ, "देशको प्रणालीगत सुधारका लागि पैरवी गर्न र नागरिक अभियानलाई सशक्त बनाई नागरिक सङ्घसंस्था र आमनागरिक समाजलाई एकीकृत गरी स्थानीयस्तरमा नागरिक समाज सञ्जाल गठन गरी प्रभावकारी परिचालन गर्न प्रतिबद्धता व्यक्त गर्दछौं ।"

महासङ्घको यही फागुन ५ गते आयोजित साधारणसभामा सबै प्रदेश र जिल्लाबाट सहभागी सामाजिक अभियन्ता तथा नागरिक अगुवाको उपस्थितिमा घोषणापत्र जारी भएको हो । घोषणापत्रमा नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकलाई सबै तहका नागरिकले अनुभूत हुनेगरी ऐन कानुन निर्माण गरी कार्यान्वयनको माग गरिएको छ ।

संविधानले व्यवस्था गरेका तीनै तहका सरकारका एकल तथा साझा अधिकार कार्यान्वयनमा पर्याप्त तथा स्पष्ट कानुन नबन्दा अन्योल सिर्जना भई नागरिक सङ्घसङ्गठनका अभियानमा प्रत्यक्ष प्रभाव परेकाले सोको तत्काल सम्बोधन गर्न माग गरिएको छ ।

राजनीतिक परिवर्तनका लागि दल सँगसँगै अग्रमोर्चामा रहेका नागरिक सङ्घसङ्गठन लोकतान्तिक गणतन्त्रपश्चात्

> महासंघका केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदीले गैरसरकारी संस्थाले ऋणमा नभई वैदेशिक सहयतामा मुलुकको विकास र समृद्धिका लागि काम गर्ने गरेको स्मरण गराउँदै राज्यका सबै निकायसँग साझेदारी, खबरदारी र पहरेदारी गर्न आग्रह गरे ।

पनि पञ्चायतकालीन कानुनबाट शासित हुनु परिरहेको तीतो यथार्थको भण्डाफोर गर्दै तत्काल मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि तथा मान्यता र नेपालको संविधानको मौलिक हकको मर्मलाई आत्मसात् गर्दै नागरिक सङ्घ सङ्गठनमैत्री समय सापेक्ष कानुन निर्माणका निमित्त माग गरेको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थापछि नागरिकले देशमा सुशासन कायम, प्रणालीगत सुधार र दिगो विकास हुने अपेक्षा गरिएको भएपनि देशमा अनुकुल वातावरण नहुँदा युवा तथा बौद्धिक जनशक्ति र राष्ट्रिय पु' जी पलायन र आर्थिक असमानता बढेकोप्रति गम्भीर चिन्ता व्यक्त गर्दै सुदृढीकरणका लागि सरकारसँग माग घोषणापत्रमा गरिएको छ ।

महासङ्घले समाजको सबैभन्दा पछाडि पारिएको र बहिष्करणमा पारिएको वर्ग र समुदायलाई विकासको मूलधारमा समावेश गराउन लक्षित वर्गका लागि सामाजिक परिचालनको कार्य नागरिक सङ्घसङ्गठनमार्फत साझेदारीमा गर्न माग गरेको छ ।सरकारको तीनखम्बे अर्थ नीतिबारे चौतर्फी गम्भीर प्रश्न उठिरहेको अवस्थामा कतिपय सहकारी र लघुवित्तका चक्रिय ब्याजका कारण नागरिकको उठिबास भइरहेको, साथै व्यापारी घरानाले करछुट लिने, कर छली गर्ने, सरकारी जमिन हड्प्नेलगायत काममा सरकारको ध्यानार्कषण घोषणापत्रमा गराइएको छ ।

कानुनतः आयआइतबार्रन गर्ने र मुनाफा कमाउने मान्यता नभएका सामाजिक सङ्घसंस्थालाई व्यावसायिक प्रतिष्ठानसरह हेर्ने दृष्टिकोण तत्काल सुधार गरी भ्याट र आयकरका नाममा झन्झट सिर्जना नगर्न सम्बन्धित निकायसँग माग गर्नेलगायत रहेका छन् ।

महासङ्घका केन्द्रीय अध्यक्ष रामप्रसाद सुवेदीले गैरसरकारी संस्थाले ऋणमा नभई वैदेशिक सहयतामा मुलुकको विकास र समृद्धिका लागि काम गर्ने गरेको स्मरण गराउँदै राज्यका सबै निकायसँग साझेदारी, खबरदारी र पहरेदारी गर्न आग्रह गरे । महासङ्घमा छ हजार पाँच सय १९ सङ्घसंस्था आबद्ध छन् ।

# बालकुमारी घटनाका दोषीलाई कारबाही गर्न सांसदको माग

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रतिपक्षी दलहरुले बालकुमारी घटनाका सबै दोषीलाई कारबाही गर्न संसदमार्फत् सरकारको ध्यानाकर्षण गराएका छन् ।

इ ि प ए स कोरियाका विद्यार्थीले गत पुस १३ गते ललितपुरको बालकुमारी क्षेत्रमा गरेको आन्दोलनका क्रममा दुईजनाको मृत्यु भएको थियो । साथै सो आन्दोलनका क्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको गाडीमा आगजनी भएको थियो ।नेकपा (एमाले)का सचेतक महेश बर्तौलाले गत पुसमा ललितपुरमा भएको घटनाका दोषीलाई कारबाहीको माग गरे । सो घटनाबारे छानबिन गर्न गठिन समितिले दोषी ठहऱ्याएका सबै व्यक्तिलाई सरकारले कारबाही गर्न नसकेको तर तल्लो तहका प्रहरी कर्मचारीलाई मात्रै कारबाही गरेको आरोप उनले आरोप लगाए ।



साथै आर्थिक अनियमताको आशङ्कामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बयान लिइरहेका व्यक्ति मन्त्रीका रुपमा बहाल रहेको विषयबारे पनि संसदको ध्यानाकर्षण गरे । लुम्बिनीको रामग्राम क्षेत्रलाई निजी कम्पनीलाई भाडामा दिने गरी अघि बढाइएको प्रक्रियाबारे पनि गम्भीर छानबिन गरिनुपर्ने उनको माग थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानले बालकुमारी घटनाबारे अध्ययन गर्न गठित छानबिन समितिले उक्त घटना घट्नुमा भौतिक पूर्वाधार मन्त्री जिम्मेवार रहेको निष्कर्ष निकालेको बताउदै कारबाहीको माग गरे । सरकारले आर्थिक अनियमितता र भ्रष्टाचारको अनुसन्धान गर्दा सुरुमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरु अनुसन्धानका लागि तयार रहेको बताए। नेपाली कांग्रेसका सांसद दीपक खड्काले नेपाल स्काउटको जग्गा भाडा प्रक्रियासम्बन्धी विषय संसदमा उठाए । उक्त जग्गा भाडामा लगाउँदा सबै खरिद प्रक्रिया पूरा भएको दावी गरे ।

सांसद प्रेम सुवालले सांसदहरुको विदेश भ्रमणका क्रममा हुने खर्च सरकारले स्वयम् बेहोर्नुपर्ने र अन्य मुलुक तथा राजदूतावासको रकममा भ्रमणमा जान रोक लगाइनुपर्ने बताए। त्यस्तै, विभिन्न भ्रष्टाचारका घटनामा दोषीलाई कारबाही गरि नुपर्ने पनि उनले बताए।

आइतबारको बैठक शुरु हुनेबित्तिकै प्रतिपक्षका सांसदहरुले उभिएर विरोध जनाएपछि सभामुख देवराज घिमिरेले बोल्न समय उपलब्ध गराएका थिए ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : नयाँ कार्य हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : धन वृद्धि सञ्चय । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
### प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज नजिक भएर बग्ने स्याली नदी किनारमा आहाराको खोजीमा रहेका चखेवा चरा। हिउँदका बेला मात्रै यहाँका नदी तलाउमा देखापर्ने यस चरालाई अङ्ग्रेजीमा 'रडी सेल्डक' भन्ने गरिन्छ। जलवायु परिवर्तनका कारण नदी तलाउमा पानी घट्दै जान थालेपछि आहारको कमीले बर्सेनि यी चराको सर्‌्या घट्दै जान थालेको छ। *तस्बिर : रासस*

# मध्यस्थतासम्बन्धी पाँचदिने तालिम

**टुडे समाचारदाता**

काठमाण्डु । लामो अदालती प्रक्रिया र पीडित तथा पीडक पक्षलाई न्याय दिलाउने सहज माध्यमका रूपमा रहेको मध्यस्थता क्षेत्रलाई सशक्त बनाउने उद्देश्यका साथ काठमाडौँमा 'सम्झौता व्यवस्थापन तथा विवाद समाधान'सम्बन्धी पाँचदिने तालिम सञ्चालन भइरहेको छ।

फागुन ४ गतेदेखि जारी तालिममा 'सम्झौता मस्यौदाको सिद्धान्त र कर्पोरेटमुद्दा', 'नेपालमा अदालतको हस्तक्षेप र मध्यस्थताको निर्णयको कार्यान्वयन' जस्ता १० विषयमा कार्यपत्र प्रस्तुत तथा प्रशिक्षण भइरहेको छ। पहिलो दिन डेमोक्रेटिक लयर्स एसोसिएसन (डिएलए) नेपालका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता सीताराम केसीको अध्यक्षता र नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेको प्रमुख आतिथ्यमा तालिम उद्घाटन गरिएको हो। तालिमको तेस्रो दिन आइतबार 'प्रशासन सम्झौतामा देखिएका समस्या' र 'दाबी, प्रतिरक्षा र काउन्टर दाबीको तयारी'का विषयमा प्रशिक्षण भइरहेको छ।

डिएलए नेपाल र नेपाल मध्यस्थतापरिषद् (नेप्का) कोसंयुक्त आयोजनामा मध्यस्थतासम्बन्धी पाँचदिने तालिम सञ्चालित भएको हो। तालिम यही आगामी मङ्गलबारसम्म जारी रहनेछ। लामो समयदेखि न्यायक्षेत्रमै रहेका पोख्त र अनुभवी व्यक्ति नै प्रशिक्षार्थीका रूपमा ५६ जना सहभागी छन्।

नेपाल बार एशोसिएसनका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले यस्ता तालिमले नेपालको न्याय प्रक्रियालाई सहज र छिटोछरितो बनाउन मद्दत गर्नुका साथै थुप्रिएका मुद्दाको चाङलाई पनि घटाउन सहयोग पुऱ्याउने बताए।

डिएलए नेपालका अध्यक्ष केसीले यसप्रकारको तालिमले सहभागी प्रशिक्षार्थीको क्षमता अभिवृद्धि हुने र मध्यस्थताका क्षेत्रमा योग्य र सक्षम जनशक्ति उत्पादन हुने विश्वास व्यक्त गरे। दुईपक्षीयरूपमा भएका सम्झौताको कार्यान्वयनका चरणमा देखिने समस्या र उत्पन्न हुने विवाद मध्यस्थतामार्फत निरुपण हुँदै आएको छ।

अदालतमा मुद्दा प्रक्रियाबाटै यस्ता समस्याको निरुपण गर्न खोज्दा लामो समय लाग्ने हुँदा दुई पक्षको सहमतिमा मध्यस्थकर्ता नियुक्त गरी यस्ता समस्या समाधान गरिन्छ भने यसमार्फत भएको निर्णयलाई नै दुवै पक्षले स्वीकार गर्ने गर्छन्। यदि यस्तो निर्णयलाई कुनै पक्षले स्वीकार गर्न आनाकानी गरेमा त्यस्तो मुद्दामा पुनरावेदनमा जाने बाटो भने खुला रहन्छ।

# बैंङ्किङ कसूर तथा सजाय विधेयकमाथि छलफल



**टुडे समाचारदाता**

काठमाण्डु। प्रतिनिधिसभाको आइतबारको बैठकले 'बैंङ्किङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस्' भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको छ।

अर्थमन्त्री डा प्रकाशशरण महतले आइतबारको बैठकमा यस्तो प्रस्ताव पेश गरेका थिए। यो विधेयकमाथि संशोधन प्रस्ताव हाल्न चाहनुहुने सांसदलाई ७२ घण्टाभित्र प्रतिनिधिसभा विधेयक शाखामा संशोधन प्रस्ताव बुझाउन भनिएको छ।

बैंङ्किङ तथा वित्तीय प्रणालीको कारोबारमा हुनसक्ने चेक अनादर जस्ता कसूरजन्य कार्यको अनुसन्धान, अभियोजन र कारबाहीलाई व्यवस्थित तथा प्रभावकारी बनाउन यो ऐन ल्याउन लागिएको हो।

त्यस्तै यस्ता कसूरको सजाय र अदालती प्रक्रियालाई थप सरल एवम् पारदर्शी बनाउन कानुनी व्यवस्था गर्न आवश्यक रहेको भन्दै अर्थ मन्त्रालयले गत असोजमा यो विधेयक दर्ता गरेको हो। बैंङ्किङ तथा वित्तीय संस्थामा रकम भएको झुट्टा विवरण पेश गरेर अन्य व्यक्तिलाई धोका दिई ठगी गरी सम्पत्ति खाने जस्ता प्रवृत्ति बढेपछि संशोधित कानुन ल्याउन लागिएको हो। प्रतिनिधिसभाको अर्को बैठक फागुन १० गते बिहीबार बिहान ११ बजे बस्नेछ।

# मेलम्ची आयोजना प्रकरणमा पूर्वसचिवसहित १५ जनाविरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेलम्ची खानेपानी आयोजनामा भ्रष्टाचार गरेको अभियोगमा पूर्वसचिवहरूसहित १५ जनाविरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

मेलम्ची खानेपानी आयोजनाको निर्माण कम्पनी सिएमसीलाई काम नै नगरी भुक्तानी गरेको पाइएकाले परामर्शदाता तथा निर्माण कम्पनीमाथि सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको पाइएकाले मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

आयोगले पूर्वसचिव सञ्जय शर्माविरुद्ध रु छ करोड ९७ लाख ८३ हजार एक सय ७८, सहसचिव मुकुन्दप्रसाद पौडेलविरुद्ध पनि समान बिगो दाबी गरेको छ। खानेपानी मन्त्रालयका तत्कालीन सचिव भीमप्रसाद उपाध्याय विरुद्ध रु चार करोड ११ लाख ३४ हजार दुई सय ७९ बराबरको बिगो दाबी गरिएको छ।

खानेपानी मन्त्रालयका तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुरविरुद्ध रु ६० करोड ४९ लाख १९ हजार आठ सय ८४ बराबरको बिगो दाबी गरिएको छ। मेलम्ची



खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य रुद्रसिंह तामाङविरुद्ध रु ११ करोड नौ लाख १७ हजार चार सय ५८ बराबरको बिगो दाबी गरिएको छ। आयोगले मेलम्ची खानेपानी विकास समितिका तत्कालीन बोर्ड सदस्य चन्द्रबहादुर थापाविरुद्ध रु ७१ करोड ५८ लाख ३७ हजार छ सय ४३, मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक घनश्याम भट्टराईविरुद्ध रु २२ करोड ७५ लाख १९ हजार आठ सय ९६ बराबरको बिगो दाबीका मुद्दा दायर गरेको छ।

मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक रामचन्द्र देवकोटा विरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ बराबरको बिगो दाबी गर्दै आइतबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ। मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक सूर्यराज कँडेलविरुद्ध रु ८९ करोड आठ लाख ९८ हजार दुई सय ८५, समितिका तत्कालीन उपसचिव मणिभद्र न्यौपानेविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३, लेखा अधिकृत रामचन्द्र न्यौपानेविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ बराबरको बिगो दाबी गरिएको छ। तत्कालीन उपसचिव बेगनाथ पौडेलविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३, तत्कालीन उपसचिव केदारप्रसाद अर्यालविरुद्ध रु ४४ करोड ७३ लाख ७३ हजार ७२,समितिका उपकार्यकारी निर्देशक भोजविक्रम थापाविरुद्ध रु ३२ करोड ३५ लाख ६१ हजार छ सय ६३ बराबरको बिगो दावी गरेको छ।

परामर्शदाता कम्पनीका 'डिपुटी टिम लिडर' शिवकुमार शर्माविरुद्ध रु ४८ करोड ३६ लाख सात हजारु पाँच सय ८०, परामर्शदाता कम्पनी इप्टिसालाई रु ८७ करोड ५८ लाख ८३ हजार तीन सय ६० र निर्माण कम्पनी सिएमसीलाई रु ६५ करोड १४ लाख ५७ हजार चार सय १० बराबरको बिगो दाबी गर्दै आइतबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

# जैविक मार्गको अवरोधले मानव-जीवजन्तुबीचको द्वन्द्व बढ्दै

**टुडे समाचारदाता**

कञ्चनपुर । लालझाडी-मोहना संरक्षित वन क्षेत्र हात्ती लगायतका वन्यजन्तुको पुरानो जैविक मार्ग (करिडोर) का रुपमा रहेको छ। संरक्षित वन क्षेत्र हात्ती, बाघ, चितुवा, चित्तललगायतका वन्यजन्तुको ओहरदोहर गर्ने मार्गका रुपमा परिचित रहेको छ।

भारतीय दूधुवा नेशनल पार्क हुँदै वन्यजन्तु संरक्षित वन र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पुग्ने गर्दछन्। निकुञ्ज, संरक्षित वन क्षेत्र र दूधुवा नेशनल पार्क जोड्ने पुरानो जैविक मार्ग मासिँदा जङ्गली जनावरले प्रतिवर्ष मानवीय र भौतिक क्षति पुऱ्याउँदै आएका छन्। जैविक मार्गको कनेक्टभिटी टुटेपछि जङ्गली जनावर बस्ती छिर्ने गरेका हुन्। पुनर्वास नगरपालिकाको डोकेबजार, नौरङ्गा, दोदा नदीको आसपासको क्षेत्रमा जङ्गली जनावरले ओहरदोहर गर्दै आएका छन्।

जैविक मार्गको अवरोध हटाउनका लागि पटक-पटक बहस र छलफल हुने गरेपनि सार्थकतामा परिणत नहुँदा मानव वन्यजन्तु द्वन्द्व बढ्दै जान थालेको डिभीजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत भीमप्रसाद कँडेलले जानकारी दिए।“हात्ती हिँडडुल गर्ने वन क्षेत्र कम हुन थालेपछि मानव बस्तीमा पसेको छ, बालीनाली खान थालेको छ” उनले भने, “अहिले मानवबस्ती बसेको ठाउँ हात्तीको पुरानो जैविक मार्ग हो, त्यो टुक्रिएको छ।” उनका अनुसार दूधुवा हुँदै हात्तीको बथानले संरक्षित वन क्षेत्र, निकुञ्ज हुँदै चुरे क्षेत्र पुग्ने गर्दछन्।

“यो हात्तीको पूर्खौदेखिको हिँड्ने मार्ग भएकाले पछिल्लो पुस्ताले पनि अर्को बाटो हिँड्दैन” अधिकृत कँडेलले भने, “पूर्खाले हिँड्ने बाटोनै अतिक्रमण गरी हाल मानवीय संरचना निर्माण भएपछि हात्तीले विध्वंश निम्त्याउने गर्दछ।” हात्ती मात्रै नभएर हाल भारत नेपालका वनमा बाघ, चितुवा, चित्तल लगायतका जनावरले पनि ओहरदोहर गर्दै आएका छन्।



> वन क्षेत्र नजिक बस्ने बासिन्दाको वन माथिको निर्भरता कम गरी नवीकरणीय ऊर्जातर्फ डोऱ्याउनुपर्ने जय लक्ष्मी सामुदायिक वनका अध्यक्ष बसन्ती रानाले बताए।

दिउँसै चितुवा लगायतका जनावर देखिने गरेको उनले सुनाए। नेपाल-भारत सीमा क्षेत्रसँग जोडिएको क्षेत्र भएकाले अन्तर ाष्ट्रिय महत्वको जैविक मार्गका रुपमा रहेको उनले बताए। “अन्तर ाष्ट्रिय महत्वको क्षेत्र भएकाले संरक्षणको क्षेत्रमा विदेशी दातृ संस्थाको चासो पछिल्लो समय बढ्दै गएको छ” उनले भने, “यसको महत्वबारे स्थानीय बासिन्दालाई बताएर जागरुक गराउन जरुरी छ, त्यसलाई आत्मसात गरी अगाडि बढाउँदैछौं।” वन क्षेत्रमा अतिक्रमणको समस्या पुरानै रहेको चर्चा गदै उनले नयाँ अतिक्रमण हुन नदिइने र कानुन अनुसार अतिक्रमण हटाउने कार्य हुँदै आएको बताए।

“जैविक मार्ग भएर ओहरदोहर गर्ने जीवजन्तु संरक्षणका लागि जनचेतनाका माध्यमबाट स्थानीय बासिन्दामा जागरण पैदा गर्नुपर्ने अवस्था आएको छ” उनले भने, “जीवजन्तुले बालीनालीमा क्षति पुऱ्याए वा मानवीय क्षति पुऱ्याए क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ। पछिल्लो समय जीवजन्तुले क्षति पुऱ्याएमा राहत निर्देशिका बमोजिम क्षतिपूर्ति दिने गरिएको उनले जानकारी दिए। जनचेतनाको पाटोलाई बलियो बनाउन धेरै काम गर्न बाँकी छ।

सामुदायिक वन समन्वय समिति कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशी वन अतिक्रमण हुँदै जानु, खुला चरिचरन र वन क्षेत्र वरपरका बासिन्दाको आयआइतबार्नका अवसरमा कमी हुँदा वन संरक्षणको क्षेत्रमा चुनौती थपिँदै गएको बताए। बर्सेनि हुने भू-क्षय, आगलागीका घटनाले वनको जैविक विविधतामा खलल पर्न थालेको उनको भनाइ छ।“लालझाडी मोहना संरक्षित वन क्षेत्र वन्यजन्तुको बासस्थानका रुपमा विकसित मात्रै नभएर यस क्षेत्रले जैविक विविधता सांस्कृतिक विशेषता पनि बोकेको छ” उनले भने, “वन क्षेत्र नजिक बसोवास गर्ने बासिन्दाको हित पनि सोचिनु जरुरी छ।”

वन क्षेत्र संरक्षण भएर नै वन्यजन्तुको ओहोरदोहोर केही वर्षयता निकै बढेको उनले बताए। जलाधार क्षेत्रका रुपमा रहेका तालतलैया, सीमसार क्षेत्रको संरक्षणमा सामुदायिक वन, दातृ निकाय र अन्य सरोकारवाला पक्षको चासो बढ्दै गएपछि जीवजन्तु संरक्षणमा टेवा पुगेको उनको भनाइ छ। उनका अनुसार संरक्षित वन क्षेत्रको ८७ प्रतिशत भू भाग तराई र भावरमा पर्दछ भने १३ प्रतिशत भू भाग चुरे क्षेत्रमा पर्दछ। जैविक विविधताले भरि पूर्ण यो क्षेत्र जीवजन्तुको जैविक मार्गसँगै प्राकृतिक ताल तलैयाले भरिपूर्ण रहेको छ। आवादीसहित यसको क्षेत्रफल ३७ हजार २९ दशमलव ५४ हेक्टर रहेको छ। वन क्षेत्र मात्रै २९ हजार छ सय ४१ दशमवल ७५ हेक्टर रहेको छ।

“संरक्षण क्षेत्रभित्रका तालतलैया उचित व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ” संरक्षणकर्मी पुनाराम चौधरीले भने, “सीमसार क्षेत्रको व्यवस्थापनमा पनि ध्यान जानु पर्दछ।” वन अतिक्रमणका कारण जैविक मार्गमा जोखिम बढेकाले अतिक्रमण हटाउन पहल गरिनु आवश्यक रहेको उनको सुझाव छ। वन क्षेत्र नजिक बस्ने बासिन्दाको वन माथिको निर्भरता कम गरी नवीकरणीय ऊर्जातर्फ डोऱ्याउनुपर्ने जय लक्ष्मी सामुदायिक वनका अध्यक्ष बसन्ती रानाले बताए।

# 'मधुमेहबारे व्याप्त भ्रम चिर्न आवश्यक छ'


**टुडे समाचारदाता**

काठमाण्डु । मधुमेह तथा हर्मोनरोग विशेषज्ञ डा ज्योति भट्टराईले मधुमेहको जोखिमबाट बच्न स्वस्थ्य एवं सन्तुलित भोजन, शारीरिक व्यायम, तनाबमुक्त जीवनशैली र नियमित स्वास्थ्य परीक्षण गर्न सुझाव दिएकी छन्।

आइतबार आयोजित अन्तर्क्रिया कार्यक्रममा डा भट्टराईले मधुमेहबारे समाजमा व्याप्त भ्रम रहेको भन्दै उक्त भ्रम चिर्न आवश्यक रहेको बताईन्। मधुमेह भएकाले सन्तुलित खानापानमा विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिईन्। पछिल्लो समय मधुमेहका बिरामीको संख्यासँगै यसको जोखिम पनि बढ्दै गइरहेकोबारे सचेत गराउँदै डा भट्टराईले मधुमेहका बिरामीले चिकित्सकको सल्लाहबमोजिम मात्र खानपान र औषधिको प्रयोग गर्न सुझाव दिईन्।

“मधुमेह रोगबारे हाम्रो समाजमा धेरै भ्रम र अन्योलता छ। हरियो घाँसमा खालीखुट्टा हिँड्नुपर्छ भन्ने कुरा बिरामीले सुनाउछिन्। यस्ता बिरामीले स्पोर्टस् जुत्ता लगाउन उपयुक्त हुन्छ। धेरै कस्सिएको र असहज हुने जुत्ता नलगाउने, खुट्टाको नियमित सरसफाइमा ध्यान दिनुपर्छ”, उनले भनिन्, “सुगर फ्रि (चिनीरहित भनिएका चामल, बिस्कुट वा कुनै पनि परिकारले मधुमेह निको हुँदैन। यस्ता विज्ञापनका आधारमा खाना उपभोग गर्नु हुँदैन। यसले फाइदा कम बेफाइदा बढी हुन्छन्।”

डा भट्टराईले बजारमा पाइने सुगर फ्रि भनिएका खाद्यान्न खानुभन्दा गाउँघरमा उत्पादित अन्न खानु स्वास्थ्यका लागि स्वस्थकर हुने बताउँदै सरकारले किसानलाई प्राङ्गारिक उत्पादनमा गर्न प्रोत्साहन हुने किसिमका नीति बनाउनुपर्नेमा जोड दिईन्। “मकै, भटमास, गेडागुडी, साग, रेसादार फलफुल सेवन गर्नु पर्दछ”, उनले भनिन, “मदिरा, बजारमा पाइने पेय पद्धार्थ, चुर ोटलगायत हानिकारक वस्तुको प्रयोग नगर्ने हो भने पनि मधुमेहको जोखिमबाट बच्न सकिन्छ।”




डा भट्टराईले मधुमेह वंशाणुत र वातावरण गरी दुई कारणले हुने उल्लेख गर्दै स्वस्थ्य जीवनशैली अपनाउँदा यसको नियन्त्रण गर्न सकिने बताईन्। उनले उच्च मधुमेहले टाउकोदेखि खुट्टासम्मका विभिन्न भागमा असर पार्ने बताए। “मुख्यतः मधुमेहका कारण अन्धोपन, मिर्गौलामा समस्या, मुटुरोग, खुट्टा, खुँडा र पैतलामा समस्या हुने गर्दछ”, उनले भनिन्।

मधुमेहका बिरामीमा थकाई, आलस्य, पिसाब धेरै लाग्ने, तौल घट्ने, खुट्टा पोल्ने, मुख सुख्खा हुने, कमजोरी र घाउ छिटो निको नहुने लक्षण देखिने डा भट्टराईले जानकारी दिईन। समयमा नै यो रोग नियन्त्रण गर्न सके सक्रिय जीवनशैली अपनाउन सकिने उनले बताए। झण्डै ५० प्रतिशत बिरामीमा यसको लक्षण नदेखिने उनको भनाइ थियो।

मधुमेह तथा हर्मोनरोग विशेषज्ञ डा भट्टराईले मोटो मानिसलाई मात्र मधुमेह हुन्छ भन्ने आम बुझाइ रहेको भन्दै दुब्लो व्यक्तिमा समस्या हुनसक्ने भएकाले सबैले नियमित स्वास्थ्य परीक्षण गर्नुपर्ने बताईन्। “मधुमेह जुनसुकै व्यक्तिलाई हुनसक्छ। नियमित परीक्षण गराउनु, सन्तुलित खाना खानु, तनावमुक्त जीवनशैलीसँगै नियमित व्यायाम गर्नु नै यसको प्रभावकारी उपचार विधि हो”, उनले भनिन्, “प्रत्येक व्यक्तिले सकेसम्म वर्षमा एकपटक यसको परीक्षण गराउनुपर्दछ।”

बालबालिकामा टाइप-एक र युवाअवस्थामा टाइप-दुई मधुमेहको समस्या धेरै देखिनडा भट्टराईको भनाइ थियो। नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन राससले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा रासस सञ्चालक समितिका सदस्य एवं आलेख प्रमुख कृष्ण अधिकारीले स्वस्थ जीवनशैलीका लागि चिकित्सकसँग सल्लाह लिनुपर्ने बताए। उनले कर्मचारीका लागि यस्ता अन्तर्क्रिया प्रभावकारी हुने भन्दै महिनामा एकपटक स्वास्थ्य सम्बन्धी अन्तर्क्रिया गरि नुपर्ने आवश्यकता औंल्याईन्।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सदभाव न बिगार

नेपाल हिन्दू राष्ट्र रहेको बेला अथवा धर्मनिरपेक्ष भएको अवस्थामा धार्मिक सदभाव खल्बलाउनेलाई छुट दिएको छैन् ।कानुनले सबै धर्मालम्बीहरुलाई एकअर्काको धर्मलाई सम्मान गर्न भनेको छ ।कुनै धर्मावलम्बीको धर्ममाथि प्रहार गर्ने अथवा धार्मिक गतिबिधि गर्न अबरोध गर्नेलाई कानुन बमोजिम कडा कार्वाही हुने प्रावधान छ ।तर पछिल्लो केहि वर्षदेखि खासगरि मधेश प्रदेशको रौतहट, सर्लाही र महोत्तरी जिल्लामा केहि विधर्मीहरुले धार्मिक सदभाव बिगार्ने प्रयास गरिरहेका छन् ।दशै, दिपावली, छठ, होली, सरस्वती पुजा जस्ता धार्मिक पर्व त्यौहारको बेला हुने गरेको जातिय हिंसा हरेक वर्ष दोहरिने गरेकोछ ।तर मुसलमानहरुको पर्वत्यौहारको बेला यस प्रकारको घटनाहरु हुँदैन् ।हिन्दू र मुसलमान तराईका जिल्लाहरुमा अत्यधिक रहेका छन् ।केहि क्रिश्चियन र केहि बुद्ध धर्मावलम्बीहरु पनि छन् ।त्यस मध्ये हिन्दू धर्मावलम्बीहरुको बाहुल्यता रहेको छ ।मुसलमानहरु अल्पसंख्यक रहेको बताउने गरेका छन् ।तर हिन्दूहरुको धार्मिक, सांस्कृतिक कार्यक्रमहरुको बेला उनीहरुले धार्मिक हिंसा गर्न उद्यत रहेको देखिन्छ ।विगतमा पनि भएका यस्ता घटनाहरुमा मुलमानहरु नै बढी उत्तेजित भएर सदभाव बिगारेको देखिन्छ ।रौतहट जिल्लामा चार दिनदेखि सरस्वती माताको मूर्ती सेलाउन दिएको छैन् ।मुसलिमहरुको बस्ती रहेको सडकबाट हिन्दूहरुलाई मुर्ती सेलाउन जान नदिने संवैधानिक, कानुनी, समाजिक कुनै रुपमा उचित होइन् ।हिन्दूहरुलाई धार्मिक, सांस्कृतिक आयोजनमा मुसलमानले सघाउनु पर्छ ।पहिले त्यो अवस्था थियो ।त्यस्तै मुसलमानहरुले गर्ने आयोजनमा हिन्दूहरुले सघाउनु पर्छ ।विगतमा मोहर्रम मनाउन भारी संख्यामा हिन्दूहरुको सहभागिता रहनेगरेको थियो ।नेपालमा अहिले मुसलमानको संख्या बढेको छ ।उनीहरुले वैदेशिक रोजगारबाट राम्रो कमाईपनि गरेका छन् ।त्यसको उन्माद अहिले देखिन थालेको छ ।कुनै बेला भारतका धेरै मठमन्दिरहरुलाई नियन्त्रणमा लिएर बाबर लगायतका मुसलमान तानाशाहहरुले मस्जिद बनाएका थिए ।भारतको अयोध्याको राममन्दिर, बनारसको ज्ञानवापी, मथुराको कृष्ण मन्दिर लगायत सयौं मन्दिरको संरचनामा समान्य परिवर्तनगरि मस्जिद बनाइएको थियो ।अहिले समय फेरिएको छ ।मस्जिद भत्काएर अहिले फेरी भगवानको मन्दिर निर्माण हुन थालेको छ ।मन्दिर निर्माणमा मुसलमानहरुपनि सहयोग गर्न थालेका छन् ।तर नेपालमा धार्मिक सदभाव बिगार्न उद्यत रहेका समुदायले भविष्यमा क्षति ब्यहोर्नु पर्ने हुन्छ ।प्रशासनलेपनि महोत्तरीमा कलश यात्रामाथि अबरोध गर्ने र रौतहटमा सरस्वती माताको मूर्ती विसर्जनमा अबरोध गर्नेहरुलाई तत्काल कडा कार्वाही गर्नुपर्छ ।यसका लागि शान्तिपूर्ण निकास निकाल्य समुदायहरुले सहयोग गर्नुपर्छ ।

## प्रजातन्त्र दिवस :

# नेपालीहरु राणाशासनको रैतीबाट सार्वभौम नागरिक बनेको दिन

**एकराज पाठक**

फागुन ७ नेपालमा एक सय चार वर्षको जहानियाँ र निरङ्कुश राणाशासनको अन्त्य गर्दै लोकतन्त्र स्थापना भएको दिन। नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्षबाट मुलुकमा प्रजातन्त्रको उदय भएको ऐतिहासिक दिन । यस दिन मुलुकमा प्रजातन्त्रको स्थापनाका लागि आफ्नो जीवनको आहुति दिने शहीदहरुको स्मरण गर्ने दिन।

त्यस्तै नेपाली नागरिकले चुनेका प्रतिनिधिबाट आफूले चाहेको शासन व्यवस्थाको स्थापनाका लागि आधारशिला खडा गरेको दिन पनि। त्यसैगरी फागुन ७ मुलुकमा प्रेस स्वतन्त्रताको ढोका खुलेको दिन । त्यसैले यस दिनलाई नेपालमा गएको सात दशकयतादेखि प्रजातन्त्र दिवसका रुपमा मनाउँदै आइएको छ।

अहिलेको विश्व प्रजातान्त्रिक शासन व्यवस्थाको अभ्यासमा छ। अघिल्लो दशक मध्यपूर्वी देशहरुमा आएको प्रजातान्त्रिक आन्दोलनको लहर लोकतान्त्रिक शासन व्यवस्था प्राप्तिको पछिल्लो सङ्घर्षको उदाहरण हो । यो अभ्यास विश्वमा लोकतान्त्रिक शासन व्यवस्था नै नागरिकले चाहेको उत्तम व्यवस्था हो भन्ने एउटा उदाहरण पनि हो। निर्वाचनमार्फत् आफैँले चुनेका प्रतिनिधिहरुको शासन व्यवस्थाको पक्षमा वर्तमान विश्व रहेकाले समय समयमा कुनै देश तथा क्षेत्रमा स्वतन्त्रताको आन्दोलन हुने गरेको समाचार हामीले सुन्ने गरेकै छौँ। नागरिकहरुले आफ्ना आवाज विविध माध्यमबाट मुखरित गरेर लोकतान्त्रिक शासनका पक्षमा वकालत गर्ने गरेका छन्।

तर आजभन्दा सात दशकअघिको सङ्घर्षको कुरा गर्दा नागरिकले प्रजातन्त्रका लागि कसरी आफ्ना आवाज बुलन्द गर्न सकेका थिए भन्ने कल्पना मात्र पनि कति कठिन छ। त्यो समयको नेपालका नागरिकमा पनि देशमा प्रजातन्त्रको आवश्यकता छ भन्ने कुराको चेतना सम्मानयोग्य छ। हुन त अहिले पनि प्रजातन्त्रका लागि समय समयमा आन्दोलन हुने गरेको छ र नागरिक सडकमा आउने गरेका छन् । जस्तो कि विसं २०६२/६३ को जनआन्दोलनका पनि हामी नै प्रत्यक्षदर्शी मात्र होइन सहभागी नै हौँ।

तर आफ्नाविरुद्ध आवाज उठाउनेलाई नै मृत्युदण्ड दिन्थे राणाशासकहरु । चार शहीदलाई दिइएको मृत्युदण्ड यसैको एउटा प्रमाण हो। त्यस्तो अवस्थामा पनि सत्ताविरुद्ध नागरिक सडकमा ओर्लिएर कसरी सङ्घर्ष गरे होलान् ? त्यसैले पनि यो सङ्घर्ष र क्रान्तिको नेपालको राजनीतिक इतिहासमा विशिष्ट र महत्वपूर्णस्थान रहीआएको छ। मुलुकमा प्रजातन्त्रको उदय यही सङ्घर्षको उपज हो।

यही क्रान्तिबाट मुलुकमा एक सय चार वर्षसम्म कायम रहेको जहाँनिया राणाशासनको अन्त्य भई प्रजातान्त्रिक, राजनीतिक र संवैधानिक व्यवस्थाको प्रारम्भ भएको थियो । यस दिनलाई नेपाली जनता राणाशासनका रैतीबाट स्वतन्त्र र सार्वभौम नागरिक बन्ने बाटो प्रशस्त भएको दिनका रुपमा लिनुपर्ने हुन्छ। अहिले लोकतन्त्र भनौँ या गणतान्त्रिक व्यवस्थाको ढोका पनि यही परिवर्तनले खोलिदिएको हो । आधुनिक सङ्घीय लोकतन्त्रात्मक गणतान्त्रिक व्यवस्थाको जगको शिला २००७ सालको क्रान्ति हो भन्दा कुनै गल्ती हुँदैन । बरु त्यो सात दशक पुरानो सङ्घर्षको कथा आधुनिक नेपालको स्वतन्त्रता प्राप्तिको आन्दोलनको एक गतिलो प्रेरणा हुनसक्छ।

अहिले आ-आफ्ना हातमा रहेका सामाजिक सञ्जालबाट आफ्ना आवाज उठाउने, मिडियाबाटै आन्दोलन गर्ने र असङ्ख्य नागरिकसम्म पऱ्याउने समाजले २००७ सालको सङ्घर्षको कल्पना मात्र पनि अहिलेको प्रेरणा बन्न सक्दछ। तर इतिहासको अध्ययनले त्यति कठोर र महत्वपूर्ण सङ्घर्षबाट प्राप्त भएको परिवर्तनको उपलब्धिलाई संस्थागत गर्न भने सकेको देखिँदैन।

जनताको बलिदानीबाट प्राप्त भएको सो व्यवस्था एक दशक नपुग्दै गुम्न पुगेको थियो। विसं २०१७ को राजा महेन्द्रको प्रतिगामी कदमबाट त्यस समयको शिशु प्रजातन्त्र गुमेर देशमा पुनः दलबिहीन कठोर राजनीतिक व्यवस्थाको सुरुआत भएको थियो। पछि पनि नेपाली नागरिकलाई जनअधिकार पुनःप्राप्तिका लागि पटकपटक सङ्घर्ष गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको हामीले देखे भोगेका छौँ । नेपाली जनताले लोकतन्त्र र समुन्नत समाज स्थापनाका लागि गरेका त्याग र बलिदानको परिणामस्वरुप अहिले देश सङ्घीयता र गणतन्त्रसम्म पुगेको छ । यसैको परिणामस्वरुप समानुपातिक समावेशिता सहितको नयाँ संविधान पनि नेपाली नागरिकले पाएका छन्।

त्यसो त नेपाली नागरिकले संविधानसभाबाट आफैँले चुनेका प्रतिनिधिले निर्माण गरेको संविधान पाउने अपेक्षा सात दशक अघि नै गरेका थिए। यो एजेण्डा २००७ सालको परिवर्तनबाट स्थापित भएको भए पनि जनताको त्यो सपना पूरा हुनुको साटो उल्टै २०१७ मा दलबिहीन पञ्चायती व्यवस्थाको स्थापना हुन पुगेको थियो । त्यही व्यवस्थाले मुलुकमा पूरै ३० वर्ष शासन गऱ्यो र पुनः २०४६ मा प्रजातन्त्रको पुनःस्थापनाका लागि लड्नुपऱ्यो । त्यसपछि पनि नेपाली नागरिक २०६२ सालमा अर्को आन्दोलनका लागि जुट्नुपरेको थियो।

तर संविधानसभाको निर्वाचनपछि जारी भएको हालको संविधानले लामो समयसम्म एकात्मक र केन्द्रिकृत अवस्थाबाट गुज्रेको शासन व्यवस्थालाई सङ्घीय स्वरुपमा परिवर्तन गरी सिंहदरबारमा रहेको अधिकार, स्रोत र साधनलाई संविधानको भावनाअनुरुप प्रदेश र स्थानीय तहमार्फत् नागरिकसम्म पुऱ्याएको छ । यो संविधानको मर्मअनुसार शासन व्यवस्था सञ्चालन हुने हो भने यसबाट विभिन्न समुदायको पहिचानको चाहना पूरा हुने मात्र होइन, राज्य प्रणालीमा जवाफदेहीताका साथै राज्यले दिनुपर्ने अवसरबाट बञ्चित भई पछाडि परेका वर्ग र समुदायको पनि पहुँच बढ्न गई समग्र राज्य प्रणालीप्रति जनताको स्वीकार्यता स्थापित हुनेछ।

यो व्यवस्थाले दिएको उपलब्धिमा हामीले विर्सनै नहुने अर्को एक महत्वपूर्ण पाटो भनेको नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता पनि हो। विसं २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्रको उदय भएको भोलिपल्टै राजधानी काठमाडौँबाट पहिलो दैनिक पत्रिका प्रकाशन भयो । देशवासीले प्रजातन्त्र प्राप्त गरेको २४ घन्टाभित्रै निजी क्षेत्रबाट अर्थात् कुनै व्यक्तिको पहलकदमीबाट दैनिक पत्रिका प्राप्त गर्नुलाई मुलुकको प्रेस क्षेत्रले एक ऐतिहासिक उपलब्धिका रुपमा लिन सक्दछ । त्यस समयका युवाकवि सिद्धिचरण श्रेष्ठले 'आवाज' नामको दैनिक पत्रिका विसं २००७ फागुन ८ गते प्रकाशन गर्नुभएको थियो। यो दृष्टान्त पनि त्यस समय नागरिक आफ्ना विचार अभिव्यक्त गर्न कति आतुर र इच्छुक थिए भन्ने कुराको एउटा गतिलो प्रमाण हो।

मुलुकमा राणाशासन थियो। राणाशासन भनेपछि हाम्रो मानसपटलमा आइहाल्ने एउटा स्मृति हो-क्रुरता र निरङ्कुशता। नागरिकले त्यस शासनविरुद्धमा बोल्न र आफ्ना विचार अभिव्यक्त गर्न पाउँदैनथे । त्यस्तो शासन ढलेर मुलुकले प्रजातन्त्र प्राप्त गरेको २४ घन्टाभित्रै दैनिक पत्रिका प्रकाशन गर्न कसरी सम्भव भयो होला ? जबकि राणा शासनको एक सय चार वर्षको अवधिमा करिब १३ वटा पत्रिका प्रकाशन भएका थिए। त्यो पनि अधिकांश अखबार नभई साहित्यिक थिए। राणाशासकको विरुद्धमा गएर कुनै पत्रिका प्रकाशन गर्न सक्ने अवस्था नै नभएकाले प्रायः सम्पादक नै उनीहरूले नै नियुक्त गर्दथे। त्यसको तुलनामा प्रजातन्त्रको अवधिमा हाते पत्रिकासमेत गरी करिब दुई सय पत्रिका प्रकाशन भएका थिए।

यसरी अघिल्लो शासनका तुलनामा दश वर्षमै यतिका पत्रिका प्रकाशन हुनु सामान्य कुरा थिएन । देशको प्रेस जगतले यस्तो अभ्यास गर्न पाउने अधिकारको जग वास्तवमा २००७ सालको प्रजातन्त्रपछि बसेको हो। आधुनिक पत्रकारिता तथा प्रेस स्वतन्त्रताको अभ्यासको जग पनि २००७ देखि २०१७ को दशकमा बसेको मान्नुपर्छ। प्रेस स्वतन्त्रताले सदैव देशको राजनीतिक शासन प्रणालीलाई पछ्याएको हुन्छ भन्ने तथ्यको प्रमाण यो भन्दा अर्को केही हुदैन । उदाहरणस्वरुप नेपालकै प्रजातन्त्र र प्रेसको उतारचढावलाई लिन सकिन्छ। जहाँ प्रजातन्त्र छ त्यहाँ मात्र प्रेस स्वतन्त्रता सम्भव छ र मिडिया फस्टाएको पनि छ।




अनि लोकतान्त्रिक शासन प्रणालीको अनुपस्थितिमा स्वतन्त्र प्रेस कल्पनामात्रको हुन्छ यथार्थ बन्न सक्दैन । त्यसैले २००७ सालको प्रजातन्त्रपछि मात्र मुलुकमा स्वतन्त्र प्रेसको शिलान्यास भएको हो भन्दा हुन्छ। प्रजातन्त्र दिवसले देशमा राजनीतिक स्थिरता प्रदान गरी हाल जारी रहेको लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण र संविधानको कार्यान्वयनमार्फत् जनताको जीवन पद्दतिमा गुणात्मक परिवर्तन ल्याउनसक्ने प्रेरणा सबैमा दिन सकोस् । व्यवस्था आफैँमा साध्य होइन साधन हो। यो साधनका माध्यमबाट साध्य सिद्ध गर्नुपर्दछ। त्यसका लागि कर्ताहरु आवश्यक पर्दछन् र ती कर्ता अर्थात् पात्र भनेका शासन व्यवस्थामा बस्ने व्यक्ति अर्थात् नेतृत्व हुन्।

ती प्रतिनिधिको छनोट गर्ने विधि पनि नेपाली नागरिकले समय समयमा गरेका क्रान्ति तथा सङ्घर्षबाट प्राप्त भएको प्रजातान्त्रिक व्यवस्थाबाटै स्थापित भएको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था नै हो। आजका दिनमा यो व्यवस्थालाई दिगो बनाउन र यसैबाट नागरिकका आशा आकाङ्क्षा पूरा गरी समृद्ध मुलुक स्थापना गर्न राजनीतिक नेतृत्वलाई पनि प्रेरणा प्रदान गर्न सकोस्। प्रजातन्त्र दिवसको सबैमा शुभकामना।

# नागरिक अधिकार बहालीको जगको ढुङ्गा फागुन सात



**धर्मेन्द्र झा**

देश अहिले ७४औँ प्रजातन्त्र दिवसको उत्सवमय उत्साहमा छ। फागुन ७ का दिन ७४ वर्ष पहिले नेपालीहरु रैतीबाट वास्तविक अर्थमा जनता बनेका हुन्। आजैका दिन नेपालले एकतन्त्रीय जहानीय शासनबाट मुक्ति प्राप्त गरेर प्रजातान्त्रिक शासनको बाटोमा अग्रसर हुने अवसर प्राप्त गरेको हो। देशमा हालसम्म जनताका अधिकार सुनिश्चितताका सन्दर्भमा जे जति आन्दोलन र क्रान्ति भए ती सबैको जग वास्तवमा २००७ साल फागुन ७ मा प्राप्त प्रजातन्त्र नै हो।

भनिन्छ, प्रजातन्त्र वा लोकतन्त्रको सर्वोत्तम विकल्प प्रजातन्त्र वा लोकतन्त्र नै हो। विश्वमा यहीमात्र यस्तो शासन शैली हो जसले आफूमा रहेको कमजोरी स्वीकार गर्दछ र जनतालाई अधिकारसम्पन्न बनाउन तथा देशमा विकासको खाका कोर्न आफूलाई सच्याउँछ र आवश्यक परिवर्तन गर्दछ। नेपालको राजनीतिक विकासक्रमको लेखाजोखा गर्ने हो भने २००७ सालमा स्थापित प्रजातन्त्र राष्ट्र निर्माणका सन्दर्भमा महत्वपूर्ण प्रस्थानविन्दु भएको कुरामा दुईमत हुन सक्दैन। २००७ साल राजनीतिको यस्तो विन्दु हो जहाँबाट नेपाल वास्तविक अर्थमा देश बन्ने प्रक्रियाको प्रारम्भ भयो। शासनका संरचनाहरु बन्न थाले। देशमा पहिलो पटक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका गठनको औपचारिक प्रक्रिया सुरु भयो। कानुनी शासनको जग बसाउने कार्य थालियो। भौतिक पूर्वाधार निर्माणको आवश्यकता बोध हुन थाल्यो। शिक्षा र स्वास्थ पनि देशका लागि आवश्यक विषय हुन भन्ने बोध गरियो। जनताका अधिकार र पहिचानका विषयले स्वर प्राप्त गर्ने अवस्थाको निर्माणका पक्षमा जोड दिन थालियो। यो यही वर्ष हो, जहिले जनताद्वारा नै संविधान निर्माण हुनुपर्छ भन्ने आवश्यकता बोध गर्दै संविधानसभाको औचित्यबारे पनि वहस प्रारम्भ भयो।

विसं २००७ को सेरोफेरो बुझेका नेपाली नागरिकका हकमा त प्रजातन्त्र दिवसको महत्वबारेको बुझाइमा समस्या छैन तर नेपालको पछिल्लो पुस्ताको बुझाइमा भने एकरुपता कायम हुनु जरुरी छ। आजको नेपाली राजनीतिको सम्पूर्ण उपलब्धिको स्रोत २००७ सालको फागुन ७ गते हो भनेर वर्तमान पुस्ताको बुझाइमा एकरुपता विकसित गरिनु अपरिहार्य छ। समयक्रमसँगै नेपालमा प्रजातन्त्रलाई लोकतन्त्र भन्न थालियो। २०६२/६३ को जनाआन्दोलनपछि राजतन्त्रको समाप्तिसँगै अर्थात गणतन्त्रका दिन सुरु भएपछिका दिनमा लोकतन्त्र शब्द बढी अभ्यासमा आएको हो। लोकतन्त्र वा प्रजातन्त्र जे भनिए पनि अङ्ग्रेजी भाषाको डेमोक्रेसीकै अनुवादका रुपमा यी दुवै शब्दलाई स्वीकारिन्छ।

### लोकतन्त्रमा सुशासन

लोकतन्त्रसँग सुशासनको घनिष्ठ सम्बन्ध छ। न त सुशासनबिना लोकतन्त्र गतिशील हुन सक्दछ न त लोकतन्त्रबिना सुशासन नै कायम हुन सक्दछ। वास्तवमा लोकतन्त्रको आवश्यकता नै सुशासन स्थापनाका लागि हो भनेर भनियो भने अन्यथा हुने छैन। नेपालको राजनीतिक इतिहासको मूल्याङ्कनको प्रयत्न गर्ने हो भने लोकतन्त्र र सुशासनको सम्बन्ध स्पष्ट हुन्छ। २००७ सालभन्दा पहिला नेपालमा सुशासनको कुनै अवधारणा नै थिएन भन्दा अतिशयोक्ति हुँदैन। न त कुनै कानुन न त कानुनी शासन। न त अदालत न त न्याय नै। न त विकास न त मानवअधिकार। यो सबैको कारण भनेको लोकतान्त्रिक शासनको अभाव थियो।

पछिल्लो समयमा नेपालमा लोकतन्त्र संस्थागत हुने अवस्थाको निर्माण भएको छ। माथि चर्चा गरिएअनुसार नै नेपालको लोकतन्त्र क्रमशः परिपक्व हुँदै गएको छ र आवश्यकतानुसार यसले आफूलाई परिवर्तित र परिमार्जित गरिरहेको छ। पछिल्लो पुस्ताको लोकतन्त्रले सुशानको अवधारणासँगै मानवअधिकार, सङ्घीयता, समावेशी र पहिचानको कुरालाई स्वीकार गरेको छ। नेपाल पनि स्वभाविकरुपमा अपवाद हुन सक्दैन। यहाँ पनि यी अवयवहरुलाई स्वीकार गरिएको छ र पछिल्लो समयमा नेपालको संविधान २०७२ ले नेपाली लोकतन्त्रलाई नयाँ ढङ्गले परिभाषित गर्ने क्रममा सङ्घीयतालाई आत्मसात् गरेको छ।

### लोकतन्त्रको सवलीकरण र संघीयता

केन्द्रीय सरकारको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानीय स्तरमा बाँडने पद्धति अथवा राज्यसत्ताका अधिकार र दायित्वहरु केन्द्रमा नथुपारी सङ्घ र एकाइमा बाँड्नु सङ्घीय शासन व्यवस्था हो। सामान्य बुझाई र शाब्दिक अर्थका आधारमा सङ्घीयतालाई शासकीय क्रियाकलापमा अधिकांश जनतालाई सहभागी गराउने राजनीतिक प्रक्रियाका रुपमा पनि परिभाषित गर्न सकिन्छ। वास्तवमा बहुजातीय, वहुभाषिक र बहुधार्मिक समाजको हक, हित र अधिकारको संरक्षण र सीमान्तकृत समूहहरुलाई सशक्तीकरण गर्ने शासन प्रणाली नै सङ्घीयता हो। यस आधारमा विश्लेषणको प्रयत्न गर्ने हो भने सङ्घीयता र लोकतन्त्र एक अर्कासँग अत्यन्त घनिभूतरुपमा सम्बन्धित छ भन्न सकिन्छ।

> लोकतन्त्रले नेपाल र नेपालीलाई प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थितिको अवसर प्रदान गरेको छ । २००७ सालको फागुन ७ नै यस्तो प्रस्थान विन्दु हो जसले नागरिक अधिकारको बहाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने जनताको हकको पक्षमा जगको ढुङ्गा राखेको हो । यी सबैको सम्बन्ध नागरिकको मौलिक अधिकारको बहालीसँग छ ।

वास्तवमा लोकतन्त्रलाई 'अर्थ' प्रदान गर्न संघीयताको निकै महत्व छ। सङ्घीयता अधिकार तथा शक्तिको विधिवत् विकेन्द्रीकरणको एक मोडेल हो, जो लोकतन्त्रमा मात्र सम्भव छ। खासमा पछिल्लो विश्वमा लोकतन्त्रको सवलीकरणका दिशामा सङ्घीयताले निर्णायक भूमिका निर्वाह गर्ने अवधारणा लोकप्रीय बन्दै गएको छ। अधिनायकवादी शासन व्यवस्थामा अधिकार र शक्तिको विकेन्दीकरणको अवधारणामा विश्वास गर्दैन। अधिकनायकवादमा विश्वास गर्नेहरु सधैँ शक्तिको केन्द्रीकरण चाहन्छन्।

पछिल्लो अवस्थामा नेपालको राजनीतिक अवस्थाको विश्लेषणको प्रयत्न गर्ने हो भने विगतमा केन्दीय शासनमा निहीत शक्ति र अधिकार विकेन्दीकरणको अवधारणालाई स्वीकार गर्न थालिएको छ र जनतामा वास्तविक अर्थमा सम्प्रभूता निहीत हुने कुरालाई स्वीकार गर्न थालिएको छ। यसको अर्थ हो, नेपालको लोकतन्त्र क्रमशः संस्थागत भइरहेको छ र तल्लो तहसम्मका जनताले लोकतन्त्रको अनुभूत गर्ने वातावरणको निर्माण भइरहेको छ।

### नागरिक समाज र सामाजिक अभियान

लोकतन्त्रमा नागरिकस्तरमा गठित र सञ्चालित सङ्घसंस्थाले समग्रमा नागरिक समाजको प्रतिनिधित्व गर्ने विश्वास गरिन्छ। लोकतान्त्रिक संस्कृति मौलाएका विश्वका सबै देशमा यो मान्यता लागू भएको पाइन्छ। सार्वजनिक निकाय र त्यहाँको अधिकारीलाई सार्वजनिक कार्य इमानदारीपूर्वक सम्पन्न गरी जनकल्याणका लागि कानुनले अख्तियार प्रदान गरेको हुन्छ।

त्यस्ता अधिकार प्राप्त निकाय र व्यक्तिलाई अनुसन्धानको दायरामा ल्याई लोकतन्त्र र सुशासन सुनिश्चित गर्ने दिशामा नागरिकस्तरमा दबाबको अभियान सञ्चालन गरिनु जरुरी छ। यसबाट जिम्मेबार र सार्थक लोकतन्त्रको उपस्थितिलाई बल पुग्छ। तर दुःखको कुरा हामीकहाँ अझै पनि नागरिकस्तरमा यस्तो वातावरणको निर्माण हुन सकेको छैन। लोकतन्त्र स्वयंमा देशलाई सकारात्मक दिशामा डोऱ्याउने एक एक अभियान हो र यो अभियान राज्यमात्रैका भरमा सफल हुन सम्भव छैन। यसका लागि नागरिकस्तरमा अभियान सञ्चालन हुनु अपेक्षित छ।

### प्रेस र नागरिक समाजको उपस्थिति अपरिहार्य

प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थिति कुनै पनि लोकतान्त्रिक व्यवस्थाको सफलताका लागि एक महत्वपूर्ण शर्त मानिन्छ। कहीँ पनि लोकतन्त्र छ भनेर भनियो भने त्यहाँ स्वाभाविकरुपमा प्रेस स्वतन्त्रता र नागरिक समाजको निर्वाध गतिविधिको प्रत्याभूति छ भन्ने बुझिन्छ। लोकतन्त्रले नेपाल र नेपालीलाई प्रेस स्वतन्त्रता र नागरिक समाजको फराकिलो उपस्थितिको अवसर प्रदान गरेको छ। २००७ सालको फागुन ७ नै यस्तो प्रस्थान विन्दु हो जसले नागरिक अधिकारको बहाली, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने जनताको हकको पक्षमा जगको ढुङ्गा राखेको हो। यी सबैको सम्बन्ध नागरिकको मौलिक अधिकारको बहालीसँग छ।

जनताको सुसूचित हुन पाउने हकको प्रत्याभूति पनि प्रेस स्वतन्त्रतामार्फत नै हुन सक्ने विश्वव्यापी मान्यता छ। र, समग्रमा यी सबैको सम्बन्ध लोकतन्त्रको संरक्षण, सम्बर्द्धन र विकाससँग छ। पछिल्लो दिनमा परिवर्तन र नागरिक अधिकार संस्थागत भएको देख्न नचाहने तत्व र समूहबाट प्रेस र नागरिक समाजमाथि आक्रमण भइरहेको छ भन्नु अन्यथा नहोला। यसको अर्थ हो, समग्रमा लोकतन्त्रमाथि नै आक्रमण गर्ने र आघात पुऱ्याउने जमातको आकार वृद्धि भइरहेको छ। यस्ता तत्व र समूह प्रेस र नागरिक समाज अर्थात सारमा लोकतन्त्र नै क्रियाशील भएको देख्न चाहँदैनन्। तिनले समाज रुपान्तरण भएको देख्न चाहँदैनन्। यस्तोमा लोकतन्त्रको वृहत् हितका पक्षमा त्यस्ता तत्वको निर्मूलीकरण आवश्यक छ। यति हुन सके जिम्मेबार लोकतन्त्रका पक्षमा अनुकूल वातावरणको निर्माण सहज हुन सक्छ। (लेखक राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# आर्थिक स्थायित्व र रोजगारी सिर्जनामा सरकार प्रतिबद्ध : प्रधानमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको अर्थतन्त्र सुधारोन्मुख रहेको र सरकारले आर्थिक स्थायित्व एवं आन्तरिक रोजगारी सिर्जना हुनेगरी काम गरिरहेको बताएका छन् । प्रतिनिधिसभाको आईतबारको बैठकमा सांसदहरुले उठाउनुभएका प्रश्नको जवाफ दिदै प्रधानमन्त्री दाहालले यस्तो बताएका हुन् ।



मुलुकको अर्थतन्त्रका विद्यमान समस्या, बेरोजगारी, युवा पलायनका साथै चुरेको विनाशका बारेमा सांसद किरणकुमार शाहले प्रधानमन्त्रीलाई प्रश्न गरेका थिए । जवाफमा प्रधानमन्त्री दाहालले अहिले अर्थतन्त्रका प्रायःसूचकहरु सकारात्मक रहे पनि केही क्षेत्रमा अझै चाप रहेको संसद्लाई जानकारी गराए ।

“अर्थतन्त्रमा देखापरेका चुनौती हल गर्दै समष्टिगत आर्थिक स्थायित्वमार्फत देशभित्रै आय र रोजगारी सिर्जना गर्न सरकार प्रतिबद्ध छ । सरकारले आन्तरिक उत्पादन वृद्धि र रोजगारी सिर्जनालाई उच्च प्राथमिकता दिएको छ”, प्रधानमन्त्री दाहालले भने, “देशभित्रै रोजगारीका अवसर सिर्जनाका लागि आन्तरिक रोजगारी प्रवर्द्धन दशक अभियानको तयारी भइरहेको छ । उत्पादनमूलक क्षेत्रमा प्राथमिकताका साथ लगानी वृद्धि गरी स्वदेशी श्रमको स्वदेशमा नै उपयोग गर्न सीप विकास तथा रोजगारी सूचना प्रवाहमा स्थानीय तहको सहभागिता वृद्धि गर्ने कार्यक्रमलाई अभियानका रुपमा अघि बढाइँदैछ ।”

दक्ष जनशक्ति उत्पादनका लागि राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान गठन गरिएको प्रधानमन्त्री दाहालले बताए । त्यस्तै स्वरोजगार प्रवर्द्धनका लागि नवप्रवर्तनलाई सार्वजनिक निजी साझेदारीको अवधारणामा राष्ट्रिय अभियानकैरुपमा सञ्चालन गरी यसबाट ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्ने लक्ष्यका साथ गृहकार्य भइरहेको उनको भनाइ छ ।प्रधानमन्त्री दाहालले कृषि, पशुपन्छीपालन, घरेलु, साना तथा मझौला उद्योग, पर्यटन र सूचना प्रविधि क्षेत्रमा सामूहिक उद्यमशीलतामार्फत उत्पादन तथा रोजगारी बढाउने विशेष कार्यक्रम सबै पालिकामा कार्यान्वयन गर्नेगरी अघि बढाइएको बताए । स्वदेश फर्किएर आफ्नै भूमिमा रोजगारी गर्न चाहनेले यस कार्यक्रममा सहभागी हुन विदेशबाटै आवदेन दिनसक्ने गरी नयाँ व्यवस्था गरिने उनले उल्लेख गरे ।

त्यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन यसको हालको ढाँचामा परिवर्तन गरी यसलाई नतिजासँग आबद्ध गरिने दाहालले जानकारी दिए ।चुरे क्षेत्रको जैविक विविधता, प्राकृतिक स्रोत, पानी र स्थानीय बासिन्दाको समग्र संरक्षण र दिगो उपयोगमा सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्री दाहालले संसद्मा बताए । “चुरे क्षेत्रका नदी कटानको असर रोक्न नदी नियन्त्रण र तटबन्धका काम सञ्चालनमा छन् । राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिमार्फत चुरे र मधेस संरक्षणका अरु पनि कार्यक्रम वार्षिकरुपमा सञ्चालन भइरहेका छन्”, उनले भने, “राष्ट्रिय गौरवका रुपमा सञ्चालन भइरहेको चुरे संरक्षण कार्यक्रमलाई अझ प्रभावकारी बनाउन चुरे संरक्षण गुरुयोजना संशोधन गरिँदैछ ।”

सांसद कालुराम राई 'खुम्बु'ले जलवायु परिवर्तन र जैविक विविधता संरक्षणसम्बन्धी सवाल उठाउनु भएको थियो । जलवायु परिवर्तनले नेपालका साथै विश्वभर पुऱ्याएको असरबारे नेपालले पछिल्ला दिनमा अन्तर र्राष्ट्रिय मञ्चमा नेतृत्वदायीरुपमा प्रखर आवाज उठाएको दाहालले बताए ।“विकसित राष्ट्रले कार्बन उत्सर्जन सम्बन्धमा वहन गर्नुपर्ने जिम्मेवारी पालना गर्नुपर्छ र अल्पविकसित मुलुकका लागि अनुमानयोग्य तथा समतामूलक स्रोत र प्रविधिको व्यवस्था गर्नुपर्छ भन्ने विषय हामीले जोडदार ढङ्गले राखेका छौँ”, दाहालले भने, “संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसलेसमेत नेपाल भ्रमणका समयमा जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेको असर र प्रभावलाई उजागर गरेका छन् । यसबाट बढी कार्बन उत्सर्जन गर्ने मुलुकबाट हरित विकासमा सहयोग पुग्नेगरी क्षतिपूर्तिस्वरुप सहायताका लागि दबाव दिनसक्ने आधार तयार भएको छ ।”

सांसद कल्पना चौधरीले संविधानमा व्यवस्था गरिएका मौलिक हकको कार्यान्वयन र निजामती सेवामा थारुको आरक्षण सम्बन्धमा प्रश्न राखेकी थिईन् । जवाफमा प्रधानमन्त्री दाहालले मौलिक हकको कार्यान्वयन र निजामती सेवामा थारुको आरक्षणका लागि सरकार प्रतिबद्ध रहेको बताए । “थारुलगायत उत्पीडन र विभेदमा परेका समुदायका संविधान प्रदत्त अधिकार संरक्षणका लागि आवश्यक कानुन निर्माण गर्ने विषयमा सरकार गम्भीर र प्रतिबद्ध छ”, प्रधानमन्त्री दाहालले भने । थारु समुदायलाई छुट्टै आरक्षणको व्यवस्थासहितको राष्ट्रिय शिक्षा विधेयक प्रतिनिधिसभामा पेस गरिसकिएको उनले बताए ।

# प्रतिनिधिसभामा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

टुडे समाचारदाता

काठमाण्डु । प्रतिनिधिसभाको आइतबारको बैठकको शून्य समयमा सांसदहरुले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । सांसदहरुले पछिल्लो समय सडक दुर्घटना बढेदेखि दुग्ध किसानले आफ्नो भुक्तानी नपाएकासम्मका विषय उठाएका हुन् । पूर्वाधार निर्माणमा ढिलाइ भइरहेको, सुशासनको प्रत्याभूति हुन नसकेकोलगायत विषय शून्य समयमा उठेका छन् ।



प्रतिनिधिसभाको आइतबारको बैठकमा बोल्नुहुँदै सांसद ठाकुरप्रसाद गैरेले पछिल्लो समय सडक दुर्घटनाका घटना बढेको उल्लेख गर्दै दुर्घटनामा मृत्यु भएकाको परिवारलाई क्षतिपूर्ति र घाइतेको शीघ्र उपचारको माग गरे ।

सांसद नारायणप्रसाद आचार्यले सडक दुर्घटनाका कारण ज्यान जानेको संख्यामा बढिरहेकोप्रति चिन्ता व्यक्त गर्दै सुरक्षित यातायातको प्रत्याभूति गराउनसक्नुपर्ने बताए ।सांसद सांसद बलराम अधिकारीले पनि सवारीसाधनदुर्घटनाबढिरहेकोप्रति चिन्ता व्यक्त गरे । हाल बन्द अवस्थामा रहेका भन्सार नाका खोल्नका लागि पनि उनले माग राखे । तारा लामा तामाङले पनि सडक दुर्घना बढेको विषय उठाउनुहुँदै हुलाकी सडक निर्माणमा तीव्रता दिइनुपर्ने बताए ।

सांसद डोलप्रसाद अर्यालले रुसी सेनामा नेपालीहरु भर्ना भइरहेको विषयलाई सरकारले गम्भीररुपमा नलिएको आरोप लगाए । अहिले रुसी सेनामा पाँच हजारभन्दा बढी नेपाली भर्ना भएको, ९४ जना नेपालीको मृत्यु भएको, एक हजारभन्दा बढी घाइते भएको अपुष्ट खबर आइरहेको उल्लेख गर्दै उनले यस विषयमा यथार्थ जानकारी लिन सरकारले कूटनीतिक पहल गरिनुपर्ने बताए ।सांसद तेजुलाल चौधरीले सार्वजनिक निकायमा आर्थिक अनियमितता र भ्रष्टाचार घट्न नसकेको बताए । ललितपुरमा प्रदेश मुख्यमन्त्री निवास बनाउँदा त्यस वरिपरीको बाटो मिचिएको र सवारी आवागमनमा समस्या भएको विषय सांसद डा तोसिमा कार्कीले संसद्मा उठाईन् ।

सांसद दामोदर पौडेल वैरागीले विभिन्न खानेपानी, सिँचाइ तथा पुल आयोजनामा बजेट अभाव हुँदा काम अघि बढ्न नसकेको बताए । कास्की जिल्लाको हेम्जा र पुरुन्चौर जोड्ने पुल निर्माणको काम दुई वर्षदेखि अलपत्र परेको विषय उनले संसद्मा बोले । सांसद दीपकबहादुर सिंह ललिता निवास जग्गा प्रकरण, गिरिबन्धु टि-स्टेट, बालकुमारी घटनालगायत दोषीलाई कारबाही गर्नुपर्ने बताए ।

उत्तरी छिमेकी मुलुक चीनसँगका व्यापार नाका खुलाउन सरकारले पहल गर्नुपर्ने माग सांसद दिलेन्द्रप्रसाद बडुले राखे । सांसद दीपा शर्माले संसद्मा उठाइएका विषयलाई सरकारले सम्बोधन गर्न नसकेको आरोप लगाए । त्यस्तै सांसद दुर्गा राईले राष्ट्रपति र उपराष्ट्रपतिमा फरकफरक लिङ्ग वा समुदायको हुनुपर्ने भन्ने संवैधानिक व्यवस्थालाई संशोधन गरेर फरकफरक लिङ्ग र समुदायको हुनुपर्ने भन्ने व्यवस्था गरिनुपर्नेमा जोड दिए ।

सांसद देवप्रसाद तिमलसेनाले तराईका जिल्लामा लिफ्ट सिँचाइको व्यवस्था गरि नुपर्ने बताए । त्यस्तै हाल बन्द अवस्थामा रहेको श्रीराम सुगर मिल सञ्चालनको माग पनि उनले गरे ।सांसद देवेन्द्र पौडेलले मध्यपहाडी लोकमार्गका विभिन्न सडकखण्ड निर्माणको काम अलपत्र परेको विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराए । सांसद धवल शमशेर जवराले बाँके जिल्लामा रहेको कपास विकास समिति खारेज भए पनि व्यवस्थापनको समस्या अझै रहेको विषयमा सरकारको ध्यानाकर्षण गराए । उनले लघुवित्त र सहकारी संस्थाबाट ठूलो संख्यामा सर्वसाधारण पीडित भइरहेको विषयमा सरकारले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने बताए ।

सांसद ध्रुवबहादुर प्रधानले भन्सार नाकामा प्लान्ट क्वारेन्टाइनको व्यवस्था गर्न सरकारसँग माग गरे । दुग्ध किसानले आफ्नो उत्पादनको मूल्य नपाएको विषय सांसद नगिना यादवले संसद्मा उठाए । अर्का सांसद वासुदेव घिमिरेले पनि अहिले किसानले आफूले उत्पादन गरेको दूधको मूल्य भुक्तानी नपाउँदा मिल्क होलिडेको अवस्थामा पुगेको बताए । उनले दुग्ध विकास संस्थानले तीन महिनादेखि किसानलाई दूधको भुक्तानी दिन नसेकेको विषय संसद्मा उठाए । दुग्धजन्य सामग्रीको भारतबाट भइरहेको चोरीपैठारी रोक्नुपर्ने उनको भनाइ छ ।

सांसद नारायणी शर्माले जमिनको स्वामित्वसम्बन्धी विद्यमान समस्यालाई समाधान गर्न सरकारले पहल गर्नुपर्ने बताए । स्वच्छ खानेपानीको सुविधा पाउनुपर्ने नागरिकको मौलिक हक रहे पनि अहिले मधेस प्रदेशका जिल्लामा खानेपानी अभाव रहेको विषयमा सांसद निर्मला कोइरालाले सम्बन्धित निकायको ध्यानाकर्षण गराए ।

सांसद निशा डाँगीले देशभरका पूर्वाधार आयोजनामा जग्गा मुआब्जामा एकरुपता कायम हुनुपर्ने बताए । पूर्वाधार आयोजनामा जग्गाकै कारण समस्या देखिएको उल्लेख गर्नुहुँदै उनले यस्तो समस्या समाधानका लागि तत्काल पहल गरिनुपर्ने बताए । संसद्मा उठेका प्रश्नको जवाफ सरकारले दिनुपर्ने माग पनि उनले राखे ।सांसद प्रतिक्षा तिवारीले देशमा सुशासनको अनुभूति हुन नसकेको बताए । एकपछि अर्को भ्रष्टाचारका काण्ड उजागर भइरहे पनि दोषीलाई कारबाही हुन नसकेको उनले उल्लेख गरे । त्यस्तै बैंक तथा वित्तीय संस्थाबाट सहजरुपमा न्यून ब्याजदरमा कर्जा सुविधा पाउनुपर्ने प्रत्याभूति गर्न पनि उनले माग राखे ।

सांसद बद्रीप्रसाद पाण्डेले आगामी आर्थिक वर्षको बजेटमा गरिबी बढी रहेका क्षेत्रमा बजेट पर्नेगरी सन्तुलित र समावेशी प्रकृतिको बजेट ल्याइनुपर्ने बताए । सांसद विन्ध्यवासिनी कंसकार र विनिता कडायतले नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारको प्रत्याभूति सरकारले गर्न नसकेको बताए । कंसकारले सबै सरकारी अस्पतालमा जलन उपचारको व्यवस्था गरिनुपर्ने माग राखे भने सांसद कडायतले ग्रामीण भेगमा अहिले पनि न्यूनतम स्वास्थ्य सुविधा नपुगेको बताए ।

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश

टुडे समाचारदाता

काठमाण्डु । प्रतिनिधिसभाको आईतबारको बैठकले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० बहुमतले स्वीकृत गरेको छ । अर्थमन्त्री डा प्रकाशशरण महतले उक्त अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव आईतबारको बैठकमा राखेको थिए ।



आईतबारको बैठकमा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० लाई अस्वीकार गरियोस् भनी राखेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिएको थियो । सांसद सुवालको उक्त प्रस्ताव भने बहुमतले अस्वीकृत भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले गत माघ ४ गते आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८० जारी गरेका थिए । अध्यादेशमार्फत ऐन संशोधन गर्दै बजेट क्यालेन्डरसम्बन्धी नयाँ व्यवस्था ल्याइएको थियो । जसअनुसार सरकारलाई बजेटका सिद्धान्त तथा प्राथमिकता फागुन १५ गतेभित्रै संसद्मा पेस गर्न बाटो खुलेको थियो । अध्यादेशमार्फत बजेटको सीमा (सिलिङ) तोक्ने साविकको समयसीमामा पनि संशोधन गरिएको थियो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ऐनको दफा ११ (१) मा प्रत्येक आर्थिक वर्षका लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिनअगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो ।

यो व्यवस्थालाई अध्यादेशबाट संशोधन गरी 'विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेस गरिनुपर्ने' व्यवस्था ल्याइएको हो । सङ्घीय सरकारले विनियोजन विधेयक जेठ १५ गते संसद्मा पेश गर्नुपर्ने कानूनी व्यवस्था छ ।

त्यस्तै, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथि संसद्मा छलफल भएर एक महिनाभित्र सरकारलाई सुझाव जानेछ । यसअघि बजेटका सिद्धान्त तथा प्राथमिकता संसद्मा प्रस्तुत भएको सात दिनभित्र सांसदहरुले सुझाव सरकारलाई दिइसक्नुपर्ने व्यवस्था रहेको थियो । संसदबाट पारित भएसँगै अध्यादेश ऐनका रुपमा लागू हुनेछ ।

अध्यादेशमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन प्रस्ताव गरिएको थियो । ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ । दफा ७ (१) मा योजना आयोगले माघ मसान्तसम्म गरिसक्नुपर्ने बनाइएको छ ।

त्यस्तै, ऐनको दफा ८ (१) मा संशोधन भएको छ । उक्त दफामा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाकासमेत उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आर्थिक वर्षको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाइसक्नुपर्नेछ भनी व्यवस्था गरिएको थियो । अध्यादेशमार्फत यो व्यवस्थामा संशोधन गरी स्रोत समितिले बजेट सिलिङ र मध्यमकालिन खर्च संरचनासम्बन्धी विवरण फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालयमा पठाइसक्न भनिएको छ ।

त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ६५ मा उल्लेखित नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकारमा संशोधन गरिएको छ । दफा ६५ (२) मा महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि निर्देशिका तथा दिग्दर्शन बनाउन सक्ने छ भनी व्यवस्था रहेकामा त्यसलाई संशोधन गरी अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले उक्त काम गर्नुपर्ने व्यवस्था ल्याइएको छ ।

**अध्यादेशमार्फत ऐन संशोधन गर्दै बजेट क्यालेन्डरसम्बन्धी नयाँ व्यवस्था ल्याइएको थियो । जसअनुसार सरकारलाई बजेटका सिद्धान्त तथा प्राथमिकता फागुन १५ गतेभित्रै संसद्मा पेस गर्न बाटो खुलेको थियो । अध्यादेशमार्फत बजेटको सीमा (सिलिङ) तोक्ने साविकको समयसीमामा पनि संशोधन गरिएको थियो ।**

चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटको बुँदा नं २९ मा आगामी आर्थिक वर्षदेखि मन्त्रालयगत बजेट सीमा निर्धारण भएपश्चात् फागुन मसान्तभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सङ्घीय संसद्मा पेस गर्ने व्यवस्था मिलाइने उल्लेख छ । बजेटको यही व्यवस्था कार्यान्वयनका लागि अध्यादेश ल्याइएको थियो ।

अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आर्थिक वर्षको माघ १५ गतेभित्र गरिसक्नुपर्नेछ भनी व्यवस्था रहेको छ । अध्यादेशमार्फत् उक्त व्यवस्थालाई संशोधन गरी

## 'विधेयक पारित गर्न निरन्तर छलफलमा'

काठमाण्डु । सङ्घीय संसद्को चालु अधिवेशनमा कानुन निर्माण प्रक्रियालाई चुस्त र नतिजामुखी तुल्याउन सरकार, सिङ्गो संसद्, राजनीतिक दल र संसद्कै कार्यव्यवस्था परामर्श समितिले क्यालेन्डर बनाएर काम गरिरहेको छ । सोहीअनुरुप अहिले संसदीय समितिहरूले आफ्नो जिम्मेवारीमा आएका विधेयकलाई तदारुकताका साथ संशोधन र दफाबार छलफलका माध्यमबाट समृद्ध तुल्याउने काम भइरहेको छ ।

भर्खरै म संलग्न कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट स्वच्छ र गुणस्तरीय खाद्यान्नसम्बन्धी विधेयक पारित भई सदनमा पठाइएको छ । यो विधेयक खाद्यान्नमा जनताको नैसर्गिक अधिकार र पहुँचसँग सम्बन्धित छ । सांसद, सरकार र सरोकारवालासँगको घनिभूत छलफल र पर्याप्त गृहकार्यपछि विधेयकलाई अघि बढाइएको हो । संसद्को पहिलो एक वर्ष सरकार गठन र संसदीय प्रणालीलाई व्यवस्थित तुल्याउने कार्यमै व्यतित भयो । ऐन निर्माण प्रभावित भयो ।

कानुन निर्माण र सरकारको निगरानी गर्नु संसद्को जिम्मेवारी हो । संविधानले तय गरेका जनताका अधिकारलाई कानुनीरूपमा सुनिश्चित गर्नु पनि संसद्को अर्को महत्त्वपूर्ण कार्य हो ।

सम्पूर्ण हिसाबले संसद्को हिउँदे अधिवेशन कानुन निर्माणमै केन्द्रित हुनेछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट निकै चासोका साथ हेरिएको सत्यनिरुपण, मेलमिलाप तथा बेपत्ता व्यक्तिको छानबिन र शान्ति प्रक्रियासँग सम्बन्धित विधेयकहरू पनि यसै अधिवेशनबाट निष्कर्षमा पुर्याउने कोसिस भइरहेको छ । विगतको द्वन्द्वको घाउ र पीडालाई राज्यले क्षतिपूर्ति, परिपूरणका माध्यमबाट सम्बोधन गर्नुपर्ने भएकाले यो तत्कालै राफसाफ हुने विषय थिएन ।

लोकतान्त्रिक प्रणाली तथा शान्ति सम्झौताको मर्म र भावनाअनुरुप विधेयक टुङ्ग्याउनुपर्ने भएकाले आमसहमति आवश्यक छ । यस्तो विधेयक व्यक्ति र दल विशेषले चाहँदैमा टुङ्गिने विषय होइन ।

# राष्ट्रपति पौडेलद्वारा शालीनदीमा पूजा, अर्चना

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेल काठमाडौं शंखरापुर नगरपालिकास्थित शालीनदीमा गई पूजा, अर्चना गरेका छन् । पौष शुक्ल पूर्णिमादेखि जारी श्री स्वस्थानी व्रत कथाअन्तर्गतको माधवनारायण मेलामा आईतबार बिहान सहभागी भएका हुन् । सो अवसरमा राष्ट्रपति पौडेलले श्री स्वस्थानी र माधवनारायणको दर्शन एवं पूजा अर्चना गरे । साथै उनले शालीनदीमा जल अभिषेक गरे । उनले बज्रयोगिनी मन्दिरमासमेत दर्शन एवं पूजा अर्चना गरे ।

नगरपालिका एवं काठमाडौं क्षेत्र नं २ बाट निर्वाचित सांसद सोविता गौतमको निमन्त्रणामा साँखु पुगेका राष्ट्रपति पौडेलले प्राचीन, ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रमा रहेको बज्रयोगिनी मन्दिरको दर्शन गर्न पाउनु आफ्ना लागि खुसीको विषय भएको बताए । बज्रयोगिनी मन्दिर पुग्नुहुँदा शङ्खरापुर-८ का वडाध्यक्ष पोते थिङ र वडा नं ४ का वडाध्यक्ष सुनबहादुर तामाङलगायत स्थानीयवासीले स्वागत गरेका थिए ।

उनले भृकुटी र स्रङ्चङ्गम्पोसँगको ऐतिहासिक महत्व जोडिएको बज्रयोगिनी र धार्मिक एवं ऐतिहासिक महत्वको शालीनदी क्षेत्रको विकासका लागि राज्यले विशेष ध्यान दिने विश्वास व्यक्त गरे ।

सो अवसरमा सांसद र नगरप्रमुख एवं उपप्रमुखलगायत जनप्रतिनिधिले धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वको क्षेत्र भए पनि शालीनदी क्षेत्रको विकास हुन नसकेको, पुनःनिर्माणका कामले गति लिन नसकेको र कतिपय विकासका काम अधुरै रहेको गुनासो गरेका थिए ।

उनहरुले राष्ट्रप्रमुखको भ्रमणपछि पुनःनिर्माण र अन्य अधुरा विकासका कामले गति लिने विश्वास व्यक्त गरे । सांसद गौतमले राष्ट्रपतिको उपस्थितिले शालीनदीको थप संरक्षण र व्यवस्थापनमा सरकारको ध्यान केन्द्रित हुने विश्वास व्यक्त गरे । “शालीनदी र माधवनारायण मन्दिर पौराणिक एवं धार्मिक हिसाबले महत्वपूर्ण भए तापनि ओझेलमा परेको छ”, उनले भने, “भूकम्पपछि धेरै मन्दिर निर्माणधीन अवस्थामा छन्, यसमा सहजीकरण हुने विश्वास लिएका छौं ।”

शालीनदीको मेलामा हरेक वर्ष झण्डै ३० लाख धर्मावलम्बीले दर्शन गर्ने उनले बताए । राष्ट्रपति पौडेल शालीनदी पुग्दा उनलाई सांसदद्वय गौतम र प्रतिमा गौतम, नवनिर्वाचित राष्ट्रियसभा सदस्य विष्णुदेवी पुडासैनी, नगर उपप्रमुख समिता श्रेष्ठ, माधवनारायण मेला व्यवस्थापन समितिका संयोजक बालकृष्ण श्रेष्ठलगायत स्थानीयवासीले स्वागत गरेका थिए ।

# सुरक्षा परिषद्को नयाँ मतदान रोक्ने अमेरिकी धम्की

एएफपी

संयुक्त राष्ट्रसङ्घ । गाजामा ‘तत्काल’ युद्धविरामको माग गर्ने अल्जेरियाको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले आगामी साता मतदान गर्न सक्ने कूटनीतिक स्रोतहरूले शनिबार बताएका छन् । यद्यपि वासिङ्टन फेरि उक्त प्रस्तावलाई अवरुद्ध गर्न तयार रहेको देखिन्छ ।



जनवरीको अन्त्यमा अन्तर र्राष्ट्रिय अदालतले इजराइलले गाजामा आफ्नो युद्धमा नरसंहार कार्य रोक्नका लागि हरसम्भव प्रयास गर्नुपर्ने फैसला गरेपछि अल्जेरियाले एउटा नयाँ मस्यौदामा छलफल सुरु गरेको छ । फैसलामा अदालतले इजराइलले हमास लडाकूहरूलाई निशाना बनाइरहेको बताएको छ ।

एएफपीले शनिबार प्राप्त गरेको मस्यौदा प्रस्तावको पछिल्लो संस्करणमा ‘तत्काल मानवीय युद्धविरामको माग गरिएको छ र त्यसलाई सबै पक्षले सम्मान गर्नुपर्ने’ उल्लेख छ । “प्यालेस्टिनी नागरिकको जनसङ्ख्याको जबरजस्ती विस्थापनलाई पनि अस्वीकार गर्दछ र सबै बन्धकलाई बिनाशर्त तत्काल रिहाइको माग गर्दछ”, प्रस्तावमा भनिएको छ । अक्टोबर ७ मा हमाससँग सुरु भएको गाजा युद्धमा इजराइलमा अधिकांश सर्वसाधारणसहितछ करिब एक हजार एक सय ६० नागरिक मारिएका थिए । हमासले सञ्चालन गरेको स्वास्थ्य मन्त्रालयका अनुसार इजराइलले गाजामा गरेको जवाफी आक्रमणमा अधिकांश महिला तथा बालबालिकासहित कम्तीमा २८ हजार आठ सय ५८ जनाको ज्यान गएको छ ।

अल्जेरियाले मङ्गलबार राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा मतदानका लागि आग्रह गरेको छ तर वासिङ्टनले उक्त मतदानमा विशेषाधिकार प्रयोग गर्नसक्ने सङ्केत दिएको छ । राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले अल्जेरियाको प्रस्तावित मस्यौदाबारे एक विज्ञप्तिमा भन्नुभयो, “अमेरिकी राष्ट्रपति जो बाइडेन इजराइलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहु र इजिप्ट तथा कतारका नेताहरूसँग बन्धक सम्झौतामा काम गरिरहनुभएको छ, यसले युद्धमा करिब छ साताको युद्धविराम ल्याउने छ ।”“यसको विपरीत सुरक्षा परिषद्मा राखिएको प्रस्तावले यी परिणाम प्राप्त हुँदैन र वास्तवमा युद्धविरामको विपरीत हुनसक्छ”, उहाँले भन्नुभयो, “अमेरिका यो मस्यौदा प्रस्तावमा कारवाहीको समर्थन गर्दैन, यदि मस्यौदाअनुसार यसलाई मतदानका लागि लगियो भने त्यसलाई अपनाउन सकिँदैन ।” इजराइल र अमेरिकाले विरोध गरेको पछिल्ला मस्यौदा प्रस्तावहरू जस्तै नयाँ मस्यौदा प्रस्तावमा हमासले गरेको अभूतपूर्व आक्रमणको निन्दा गरिएको छैन । यसै महिनाको प्रारम्भमा राजदूत थोमस-ग्रिनफिल्डले अल्जेरियाको पछिल्लो पहलबाट वार्तालाई जोखिममा पार्ने खतरा रहेको बताउनुभएको थियो । राष्ट्रसङ्घका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले हालै भन्नुभएको छ, “अब सुरक्षा परिषद्का लागि मानवीय युद्धविरामको प्रस्तावमाथि निर्णय लिने समय आएको छ भन्ने हामीलाई विश्वास छ, सुरक्षा परिषद्का सदस्यहरूबीच मस्यौदा प्रस्तावको तत्वहरूका लागि ‘ठूलो समर्थन’ छ ।”

अक्टोबर र डिसेम्बरमा गाजाको बढ्दो मानवीय सङ्कटमाथि अन्तर्राष्ट्रिय दबाबका बावजुद वासिङ्टनले युद्धविरामको माग गर्ने सन्देशहरूमाथि विशेषाधिकार लगाएको थियो । सुरक्षा परिषद्ले अक्टोबर ७ पछि गाजालाई लिएर दुई वटा मात्र प्रस्तावलाई अपनाएको छ । यसमा प्यालेस्टिनी क्षेत्रमा ठूलो स्तरमा मानवीय सहायता पुर्याउन गरिएको आग्रह पनि समावेश छ ।

# शुक्लाफाँटालाई टी-२० क्रिकेट प्रतियोगिताको उपाधि




टुडे समाचारदाता

महेन्द्रनगर । कञ्चनपुरको महेन्द्रनगरमा सम्पन्न तेस्रो शुक्लाफाँटा-कञ्चनपुर टी-२० क्रिकेट प्रतियोगिताको उपाधि शुक्लाफाँटा नगरपालिकाले जितेको छ । शनिबार फाइनल खेलमा दोधारा चाँदनी नगरपालिकाको टिमलाई सुपरओभरमा पराजित गर्दै शुक्लाफाँटा नगरपालिकाले उपाधि जितेको हो ।

उपाधि विजेता टिमलाई समापन समारोहमा शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले नगद रु एक लाख एक हजार, ट्रफी र प्रमाणपत्रसहित पुरस्कृत गरे । त्यसैगरी उपविजेता दोधारा चाँदनीको टिम रु ५१ हजार, ट्रफी र प्रमाणपत्रसहित पुरस्कृत भएको आयोजक कञ्चनपुर जिल्ला क्रिकेट सङ्घका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले जानकारी दिए ।

प्रतियोगिताको फाइनल खेलमा १९ दशमलव पाँच ओभरको समाप्तिमा शुक्लाफाँटाले सबै विकेट गुमाउँदै एक सय २४ रनको लक्ष्य दोधारा चाँदनीसामु प्रस्तुत गरेको थियो । शुक्लाफाँटाका लागि विशाल ऐरले २४ बलमा २९ रन र कैलाश ऐरले २८ बलमा २८ रन बनाएका थिए भने टिमका लागि प्रकाश थापाले तीन विकट लिएका थिए । एक सय २४ रनको विजयी लक्ष्य पछ्याएको दोधारा चाँदनीले १९ दशमलव चार ओभरमा एक सय २४ रन बनाएपछि खेल ड्र भएको थियो । त्यसपछिको सुपरओभरमा शुक्लाफाँटाले जित निकालेको आयोजकले जानकारी दिएको छ ।

प्रतियोगिताको उत्कृष्ट खेलाडीमा भीमदत्त नगरपालिकाका मिलन बोहरा घोषित भएका छन् । नौ पालिकामध्ये लालझाँडी र बेलौरी नगरपालिका भने प्रतियोगितामा सहभागी थिएनन् । प्रतियोगिताको समापन समारोहमा क्रिकेटका योगदान पुर्याएका व्यक्तित्वहरूलाई सम्मानसमेत गरिएको छ ।समापन समाराहेमा शुक्लाफाँटा नगरपालिकाका नगरप्रमुख रणबहादुर महरा, सुदूरपश्चिम क्रिकेट सङ्घका निर्वमान अध्यक्ष हरि रेग्मी, कैलाली खेलकुद विकास समितिका अध्यक्ष ललित खत्री, कञ्चनपुर खेलकुद विकास समितिका कार्यालय प्रमुख गोपालदत्त भट्टलगायतको सहभागिता थियो ।

# भाजपाद्वारा यूपीए शासनको अनियमिततामाथि लक्षित गर्दै ‘श्वेतपत्र’ जारी

एएफपी

नयाँदिल्ली । संयुक्त प्रगतिशील गठबन्धन (यूपीए) शासनको एक दशकका दौरान भएका वित्तीय अनियमिततामाथि लक्षित गर्दै भारतीय जनता पार्टी (भाजपा) ले आफ्नो राष्ट्रिय अधिवेशनको दोस्रो दिन ‘श्वेतपत्र’ जारी गरेको छ ।

हालै भाजपाले काङ्ग्रेस नेतृत्वको यूपीए सरकारको कार्यकालमा भएका अनियमिततालाई उद्धृत गर्दै भारतको संसद्मा पनि हालै श्वेतपत्र जारी गरेको थियो । श्वेतपत्रमा यूपीए सरकारको पछिल्लो १० वर्षको अवधिमा भएका आर्थिक अनियमितताको विवरणलाई समावेश गरिएको छ । “सन् २०१४ मा बैंकिङ सङ्कट र स्टकमा रहेको रकम ठूलो थियो । मार्च २००४ मा सार्वजनिक क्षेत्रका बैंकहरूको कूल कर्जा ६.६ लाख करोड भारतीय रूपैयाँ मात्र थियो । सन् २०१२ मार्चमा यो रकम ३९ लाख करोड़ भारतीय रूपैयाँ थियो ।

पत्रमा भनिएको छ, “सन् २०१३ मा जब अमेरिकी डलरको मूल्य ह्वात्तै बढ्यो, यूपीए सरकारले बाह्य र समष्टिगत आर्थिक स्थिरतामा सम्झौता गर्‍यो र सन् २०१३ मा मुद्राको अवमूल्यन भयो । सन् २०११ देखि २०१३ को बीचमा अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँ ३६ प्रतिशतले घटेको थियो ।”

उक्त समय पूर्वाधार निर्माणलाई गम्भीर रूपमा बेवास्ता गरिएको र यसले गर्दा औद्योगिक र आर्थिक विकासमा गिरावट आएको थियो । सन् २००४ देखि २०१४ सम्म यूपीए सरकारको पालामा सामाजिक तथा ग्रामीण क्षेत्रका १४ वटा मुख्य मन्त्रालयहरूमा कूल ९४ हजार ६० करोड भारतीय रूपैयाँको बजेट खर्च भएको थिएन । जुन कुल बजेट अनुमानको ६.४ प्रतिशत थियो ।

यूपीए सरकारका अनियमिततालाई प्रमुख महत्व दिएर सार्वजनिक गरिएको श्वेतपत्रमा भनिएको छ, “सर्वोच्च अदालतमा पेश गरिएको पत्रमा यूपीए सरकारले लगभग ४० हजार किलोमिटर राष्ट्रिय राजमार्गहरू थपिएको बताएको छ । तर भाजपाले सन् १९९७ देखि २००२ सम्म भाजपा सम्मिलत गठबनधन एनडीएको शासनकालमा २४ हजार किलोमिटर राष्ट्रिय राजमार्गहरू थपिएका दावी गरेको छ । त्यसपछि यूपीए सरकारको पछिल्लो १० वर्ष (२००४/०१४) मा करिब छ हजार किलोमिटर मात्र थपिएको थियो ।”

“वित्तीय अव्यवस्थाका कारण यूपीए सरकारको वित्तीय घाटा अपेक्षा गरिएभन्दा निकै ठूलो थियो र उसले सन् २०११/०१२ को बजेटको तुलनामा बजारबाट २७ प्रतिशत बढी ऋण लिएको, राज्यकोषको घाटाको भार अर्थतन्त्रले धान्न नसक्ने गरी ठूलो बनाइएको थियो ।

विश्वव्यापी वित्तीय र आर्थिक सङ्कटको प्रभावलाई कम गर्ने बहानामा, यूपीए सरकारले आफ्नो उधारो विस्तार गर्‍यो र यसमा अडिग रहेको र यूपीए सरकारले बजारबाट ठूलो परिमाणमा ऋण लिएको र उठेको रकमलाई अनुत्पादक तरिकाले प्रयोग गरेको श्वेतपत्रमा दावी गरिएको छ ।

# क्यानडा ११ संग नेपाल ए पराजित

टुडे समाचारदाता

काठमाण्डु । एकदिवसीय क्रिकेटमा नेपाल ए आफ्नो पहिलो खेलमा क्यानडा ११ सँग पराजित भएको छ ।



मूलपानी क्रिकेट मैदान भएको खेलमा नेपाल ४ विकटेले पराजित भयो ।

नेपालले बासिर हदमदको अर्धशतकको मदतमा क्यानडालाई २१७ रनको लक्ष्य दिएको थियो । त्यो लक्ष्य क्यानडाले ६ विकेट गुमाएर खेल सकिन ३ बल बाँकी छँदा भेट्टायो ।नवनित दलिवालले ८० र निखिल दत्तले ६७ रन बनाए ।

यसअघि मुलपानीमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २१६ रन बनायो । अहमद ५० रनमा अविजित रहे ।

रासिद खानले ४० रन बनाए भने मयन यादवले ३६ रन जोडे ।

# दक्षिण अफ्रिकी अलराउन्डर माइकको निधन

टुडे समाचारदाता

काठमाण्डु । दक्षिण अफ्रिकाका अलराउन्डर माइक प्रोक्टरको ७७ वर्षको उमेरमा निधन भएको छ । छोटो अन्तर र्राष्ट्रिय करिअर बोकेका माइकको मुटुको अप्रेसनको क्रममा निधन भएको हो ।



उनकी श्रीमती मर्यनाले अन्तर्राष्ट्रिय सञ्चार माध्यमलाई दिएको जानकारी अनुसार शनिबार राति माइकको उपचारका क्रममा निधन भएको हो ।सन् १९७० देखि १९८० को दशकका दक्षिण अफ्रिकाको लागि खेलेका उनले छोटो समयको अन्तर्राष्ट्रिय करिअरका उत्कृष्ट खेलाडी मानिन्छन् । उनले दक्षिण अफ्रिकाको लागि ७ टेष्ट म्याच खेलेका छन् । यी सबै खेल उनले अष्ट्रेलियासँग खेलेका हुन् । अष्ट्रेलियाविरुद्ध उनले १५.०२ को औसतसहित ४१ विकेट लिएका थिए ।

उनले खेलेका ७ खेलमा दक्षिण अफ्रिका अपराजित रहँदै ६ खेलमा विजयी भएको थियो ।प्रोक्टर ब्याटिङमा भने पावर हिटरको रुपमा प्रसिद्ध थिए ।सन् १९६९/७० मा अष्ट्रेलियाविरुद्ध प्रदर्शनका कारण उनलाई दक्षिण अफ्रिकाले वर्षको उत्कृष्ट खेलडीको उपाधि प्रदान गरेको थियो ।

प्रोक्टर खेलाडी जीवनपश्चात सन् १९९२ मा प्रशिक्षकको रुपमा दक्षिण अफ्रिका क्रिकेटमा फर्किएका थिए । उनले दक्षिण अफ्रिकालाई १९९२ को विश्वकपमा सेमिफाइनलसम्म पुर्‍याएका थिए ।प्रोक्टरले सन् २००२ देखि २००८ सम्म आइसीसी म्याच रेफ्रीका रुपमा पनि काम गरेका थिए ।

# थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन पेरोलमा रिहा

एएफपी

बैङ्कक । थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा स्वनिर्वासनबाट स्वदेश फर्केको छ महिनापछि आइतबार पेरोलमा रिहा हुनुभएको छ ।



पेरोल कैदीहरू व्यवहारिक अवस्थाहरू पालन गर्न सहमत भएको अवस्थामा तोकिएको अधिकारीहरूसँग सम्पर्कमा रहने गरी हुने रिहाइ हो ।

शर्तहरू पालना नभएको अवस्थामा उनीहरूलाई पुनः गिरफ्तार गरी जेलमा फिर्ता गर्न सकिन्छ ।स्थानीय समयअनुसार आइतबार बिहान ६:०६ बजे बैङ्कको उहाँको उपचार गरेको र एक वर्षको जेल सजायको छ महिना बिताएको एउटा प्रहरी अस्पतालबाट थाक्सिन कारमा चढेर घर फर्किनुभएको हो ।

ले उहाँको उपचार गरेको र एक वर्षको जेल सजायको छ महिना बिताएको सिन्ह्वाका संवाददाताहरूले बताएका छन् । थाइल्याण्डकी प्रधानमन्त्री श्रेता थाभिसिनले यस पहिले नै थाक्सिनलाई पेरोलमा रिहा गर्नु कानुनसम्मत हुने बताउनुभएको थियो । देशको कानुन तथा न्याय मन्त्रालयका अनुसार यसै महिना पेरोलका लागि स्वीकृत ९३० कैदीमध्ये ७४ वर्षीय पूर्वप्रधानमन्त्री सिनावात्रा पनि एक हुनुहुन्छ ।

थाइल्याण्डको कानुन अनुसार उहाँ ७० वर्षभन्दा बढी उमेर पुगेको र गम्भीर रोगबाट पीडित भएकोले पेरोलका लागि योग्य हुनुहुन्छ ।थाक्सिनले १५ वर्षभन्दा लामो निर्वासन तोडेर गत वर्षको अगस्टमा थाइल्याण्ड फर्किनुभएको थियो तर उहाँलाई तत्काल हिर ासतमा लिइएको थियो र विभिन्न अभियोगमा आठ वर्षको जेल सजाय सुनाइएको थियो ।

स्वदेश फर्केको केही समयपछि स्वास्थ्य समस्याका कारण उहाँलाई बैङ्कको जेलबाट प्रहरी अस्पतालमा सारिएको थियो ।

गत सेप्टेम्बरमा थाइल्यान्डका राजा महा वजिरालोङकोर्नले थाक्सिनको आठ वर्षको जेल सजाय घटाएर एक वर्ष कायम गर्नुभएको थियो । थाक्सिन सन् २००१ देखि २००६ सम्म दक्षिणपूर्वी एसियाली मुलुक थाइल्याण्डको प्रधानमन्त्री हुनुहुन्थ्यो तर सन् २००८ देखि उहाँ स्वनिर्वासनमा हुनुहुन्थ्यो ।

# इजरायली आक्रमण हुँदा ४० प्यालेस्टिनीको मृत्यु

सिन्ह्वा

गाजा । गाजा पट्टीको मध्य क्षेत्रमा आवासीय घरहरूलाई लक्षित गरि गरिएको इजरायली आक्रमणमा शनिबार कम्तिमा ४० जना प्यालेस्टिनीको मृत्यु हुनुका साथै अन्य कैयौँ घाइते भएका छन् ।

प्यालेस्टिनी चिकित्सा स्रोतका अनुसार इजरायली लडाकू विमानले मध्य गाजा पट्टीको नुसिरात, अल-जावैदा र देइर अल-बलाह क्षेत्रका घरहरूमा सशस्त्र छापा मार्दा दर्जनौं मानिसहरूको मृत्यु हुनुका साथै धेरै घाइते भएका छन् ।उद्धारकर्ताहरूले ४० वटा शवहरू उद्धार गर्न सक्षम भए भने अझै पनि दर्जनौं भग्नावशेषमुनि रहेका छन् । मृतक तथा घाइतेहरूलाई देइर अल-बलाह सहरको अल-अक्सा शहीद अस्पतालमा राखिएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार सात अक्टोबर २०२३ मा गाजा पट्टीमा इजरायली युद्ध सुरु भएदेखि मृत्यु प्यालेस्टिनीको संखया २८ हजार ८५८ पुगेको छ ।

हमासले गाजापट्टीको छेउमा रहेका इजरायली सहरमा आक्रमण गरेपछि इजरायलले लगातार पाँचौं महिना गाजा पट्टीमा ठूलो मात्रामा सैन्य कारबाही चलाएको छ । सन् २०२३ को अक्टोबर ७ मा हमासले गरेको आक्रमणमा करिब एक हजार २०० इजरायलीको मृत्यु भएको थियो भने दुई सयभन्दा बढी बन्धक बनाइएका थिए । बन्धकमध्ये करिब एक सयलाई युद्धविराम सम्झौताअन्तर्गत मुक्त गरिएको छ भने करिब ३० जनाको मृत्यु भएको र बाँकी अझै हमासको नियन्त्रणमा रहेको उल्लेख छ ।

# रूसका लागि युक्रेन युद्ध जीवन र मृत्युको सवाल

एएफपी

मस्को । युक्रेनका राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनको युद्धभूमिमा भएका घटना रूसका लागि ‘जीवन र मरणको विषय’ भएको बताउनुभएको छ ।

क्रेमलिनले आफ्नो जनसङ्ख्यामा देशभक्तिको भावना जगाउनका लागि लगभग दुई वर्ष लामो द्वन्द्वलाई रूसको अस्तित्वको लडाइँको रूपमा पटक-पटक प्रस्तुत गर्दै आएको छ ।पुटिनले रूसी सरकारी टिभीसँगको अन्तर्वार्तामा भन्नुभयो, “मलाई लाग्छ अझै पनि हामी आफैले र अझ बढी विदेशमा रहेका हाम्रा श्रोता र दर्शकहरूका लागि हाम्रो सोच्ने तरिका बुझ्न महत्वपूर्ण छ ।”

“युक्रेनको मोर्चामा जे भइरहेको छ : उनीहरूका लागि यो उनीहरूको रणनीतिक स्थितिको सुधार हो ।

यो रूसका लागि जीवन र मृत्युको विषय पनि हो र भाग्य पनि हो,” उहाँले भन्नुभयो । पुटिनले अमेरिकी ‘टक शो’ प्रस्तोता टकर कार्लसनलाई दिएको दुई घण्टा लामो अन्तर्वार्ताको बारेमा सोधिएको प्रश्नको जवाफमा यस्तो बताउनुभएको हो । उक्त अन्तर्वार्तामा पुटिनले रूसी इतिहासबारे लामो कुराकानी गर्नुभएको थियो र युक्रेनको राज्यका बारेमा निरन्तर प्रश्न उठाउनुभएको थियो ।

“पश्चिमा र अमेरिकी श्रोता तथा दर्शकका लागि यो सजिलो थिएन । “कार्लसन अन्तर्वार्तामा पुटिनको लामो, ऐतिहासिक विचारबारे सोधिएको प्रश्नमा पुटिनले भन्नुभयो।उहाँले भन्नुभयो, “संयुक्त राज्य अमेरिकाको इतिहास लगभग ३०० वर्षको छ, र मैले त्योभन्दा अघिको कुरा गर्दै छु । त्यसैले मलाई लाग्छ, अमेरिकी दर्शकका लागि यो बुझ्न सजिलो छैन ।”

# किसानलाई चैते धान रोप्न भ्याइनभ्याइ



**टुडे समाचारदाता**

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा सिँचाइको सुविधा पर्याप्त भएको र सिमसार क्षेत्रका किसान अहिले चैते(हिउँदे) धान लगाउन व्यस्त छन् । दुई बाली धान लगाउन मिल्ने जिल्लाका विभिन्न स्थान र सिमसार क्षेत्रका किसानलाई अहिले धान रोप्न भ्याइनभ्याइ छ ।

मकैभन्दा धान उत्पादन राम्रो हुने र दुई बाली धान लगाउँदा एक बालीको धान बिक्री गरेर आम्दानी गर्न सकिने भएकाले किसानहरू यसतर्फ आकर्षित भएका हुन् । विगत चार वर्षदेखि जिल्लाको गैँडाकोट, देवचुली, कावासोती, मध्यविन्दु नगरपालिका र विनयी त्रिवेणी, बुलिङटार, बौदीकाली गाउँपालिकामा चैते धान खेतीको ब्लक क्षेत्र छुट्ट्याएर खेती सुरु गरिएको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए ।

"जिल्लाको कावासोती नगरपालिका-८ देखि १७, गैँडाकोट नगरपालिका-१०, ११, १२ र १३, देवचुली नगरपालिका-१७, मध्यविन्दु नगरपालिका-२ र ३, विनयी त्रिवेणी गाउँपालिका-१ र ५, बुलिङटार गाउँपालिका-३ र बौदीकाली गाउँपालिका-४ मा हिउँदे धान खेती हुने गरेको छ", उनले भने । कृषि ज्ञान केन्द्र नवलपुरले चैते धान उत्पादन हुने सिँचाइ सुविधा पुगेको तथा पर्याप्त क्षेत्रफल भएको स्थानमा धानको पकेट क्षेत्र निर्माण गरी किसानलाई प्रोत्साहन गर्दै आएको छ । बर्खे धानको तुलनामा चैते धानको उत्पादन राम्रो हुने भएकाले पनि चैते धानतर्फ किसानको आकर्षण बढेको प्रमुख तिवारीले बताए ।

"गत वर्ष जिल्लामा एक हजार दुई सय १० हेक्टर क्षेत्रफलमा चैते धान खेती भएको थियो", उनले भने, "यस वर्ष एक हजार तीन सय २५ हेक्टर क्षेत्रफलमा चैते धान खेती हुने भएको छ । गतवर्ष भन्दा अहिले एक सय १५ हेक्टर क्षेत्रफलमा विस्तार भएको छ ।" जिल्लामा गतवर्ष एक हजार दुई सय १० हेक्टर क्षेत्रफलमा चैते धान रोपाइँ हुँदा छ हजार एक सय २३ मेट्रिक टन धान उत्पादन भएको थियो ।

बर्खे धान प्रतिहेक्टर तीन टनभन्दा बढी उत्पादन हुनेमा चैते धान प्रतिहेक्टर तीनदेखि चार टनसम्म उत्पादन हुने प्रमुख तिवारीले जानकारी दिए । "चैते धानमा रोग तथा कीरा पनि कम लाग्ने भएकाले किसानका लागि यो राम्रो मानिन्छ ", उनले भने, "जिल्लामा विशेष गरी चैते-५ र हर्दिनाथ-१ जातको चैते धान रोप्ने गरिन्छ ।"

# २१ करोडको लगानीमा शीतभण्डार निर्माण

**टुडे समाचारदाता**

नवलपरासी । पश्चिम नवलपरासीमै पहिलोपटक आधुनिक प्रविधिसहितको शीतभण्डार निर्माण भएपछि किसान उत्साहित भएका छन् । जिल्ला सहकारी सङ्घको अगुवाइमा सङ्घीय सरकार, स्थानीय तह र जिल्लाका विभिन्न सहकारीको रु २१ करोडको लागतमा आधुनिक प्रविधिसहितको तीन हजार मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण भएको हो ।

शीतभण्डार सञ्चालनका लागि छुट्टै कार्यविधि र समिति बनाएर काम गर्ने सहकारी सङ्घको योजना छ । सञ्चालनको अन्तिम तयारीमा रहेको छुट्टाछुट्टै चेम्बरसहितको तीनतले शीतभण्डारमा किसानको आकर्षण बढेको देखिन्छ । अब सुनवलमै शीतभण्डार निर्माण भएपछि व्यावसायिक खेती गर्ने किसान उत्साहित भएको सुनवल-२ का लोकनाथ भण्डारीले बताए । उनले भने, "अब कमसेकम केही उपज बढी भए राखौँ भन्नका लागि शीतभण्डार छ, म खुसी छु ।" यस वर्षदेखि शीतभण्डार सञ्चालन आउने भएपछि धेरै किसान खुसी भएका छन् । कृषि सहकारीले समेत ठूलो क्षेत्रफलमा खेती गर्न थालेका छन् ।

"शीतभण्डार सबै एक ठाउँमा बनाउन पनि सकिँदैन, कुनै ठाउँ विशेषमा बनाएर सबैको साझा प्रयोग गर्ने केन्द्रका रूपमा विकास गर्नुपर्छ", जिल्ला सहकारी सङ्घका अध्यक्ष विष्णु पौडेलले भने, "ठूलो क्षमताको शीतभण्डार भएकाले उत्पादनमा वृद्धि गर्ने अभियानका रूपमा कार्यक्रम सञ्चालन गर्ने योजना सहकारी सङ्घको छ ।"

जिल्ला सहकारी सङ्घका कोषाध्यक्ष हैदर अली मोमिनले स्थानीय तहदेखि तीनै तहका सरकार कृषिमैत्री नबन्दा शीतभण्डार सञ्चालनमा चुनौती थपिएको तर्क गर्नुभयो । "जिल्लाका सात स्थानीय तह कोही पनि कृषि र किसानप्रति जिम्मेवार छैनन्, व्यावसायिक कृषिमा जोड दिएर उत्पादन बढाउनेतर्फ उनीहरूको ध्यान नै छैन", उनले भने ।

शीतभण्डार निर्माण भए पनि अझै रु



दुई करोड भुक्तानी गर्न बाँकी छ । एकातर्फ सञ्चालन खर्च र अर्कातर्फ कृषि उपजको अभावले शीतभण्डार सञ्चालन चुनौतीपूर्ण बनेको हो । पाल्पा, रूपन्देहीलगायत जिल्लाका उत्पादनलाई पनि समेट्नेगरी अभियान सञ्चालन गर्ने पौडेलले बताए । "पहाडी जिल्लाका उत्पादन पनि सुनवलसम्म झार्ने र जिल्लाका उद्योग कलकाराखानासँग पनि सम्पर्क गरी उनीहरूका सामान शीतभण्डारमा राख्नेगरी योजना बनाउँदैछौँ", उनले भने ।

नवलपरासीका सात स्थानीय तहले चालु आर्थिक वर्षमा सङ्घीय र प्रदेश सरकारको सर्शत अनुदानसहित रु १६ करोड बढी रकम कृषिमा छुट्याएका छन् । तर योजनाबद्ध कार्यक्रम नआउँदा बजेट बालुवामा पानीसरह भएको सरोकारवालाको गुनासो छ । छिमेकी जिल्लाका उत्पादनसमेत भण्डारण गर्ने क्षमताका शीतभण्डारलाई लक्षित गरेर उत्पादन वृद्धि गर्नसके किसानले मनग्य लाभ लिन सक्ने जनाइएको छ ।

### नदीजन्य सामग्री जफत

पश्चिम नवलपरासीको सुनवल नगरपालिकाले अवैधरूपमा राखिएको नदीजन्य सामग्री जफत गर्न सुरु गरेको छ । सुनवल-४ स्थित तुरियाखोलाबाट चोरीनिकासी गरी अवैध रूपमा डम्पिङ गरी राखिएका गिट्टी, बालुवा, ढुङ्गा, सुनवल नगरप्रमुख विमला अर्याल नेतृत्वको टोलीले जफत गर्न सुरू गरेको हो ।

टोलीले सुनवल-४ चारघरेस्थित औद्योगिक ग्राममा अवैधरूपमा राखिएको गिट्टी, बालुवा, ढुङ्गालाई जफत गरेको हो । पालिकाले जफत गरेको गिट्टी, बालुवा, ढुङ्गालाई सुनवल नगरपालिकामा जम्मा गरेर राखिएको उनले बताए । नगरप्रमुख अर्याललले केही व्यक्तिले तुरियाखोलाबाट चोरी निकासी गरी सार्वजनिकस्थल र आफ्नो निजी जग्गामा भण्डारण गरी राखेको गिट्टी, बालुवा, भस्कट र ढुङ्गाका लागि पालिकाले पटक-पटक प्रमाणित गरी सम्बन्धित व्यक्तिलाई राजस्व बुझाउन पत्राचार गर्दा पनि बेवास्ता गरेपछि आफूहरू सामाग्री जफतमा लागेको बताए ।

केही व्यक्तिले तुरियाखोलाबाट दिनरात गिट्टी, बालुवा, भस्कट, मिस्कट र ढुङ्गा चोरी निकासी गर्ने अनि दोष जति पालिकाले खेप्नुपर्ने हुँदा चोरी निकासीलाई बन्द गर्न इलाका प्रहरी कार्यालय सुनवलको सहयोग लिएर जफत गर्न थालिएको नगरप्रमुख अर्याललले जानकारी दिए । उनले जफत गरिएको गिट्टी, बालुवा, ढुङ्गा, मिस्कट र भस्कटको पालिकाले कानुनअनुसार व्यवस्था गर्ने र अवैध नदीजन्य पदार्थ जफत प्रक्रिया निरन्तर जारी रहने समेत जानकारी दिए ।

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

**टुडे समाचारदाता**

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि उच्च अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार परिसूचक २७ दशमलव २१ अङ्कले ओरालो लागेर दुई हजार ३४ दशमलव ८२ मा सीमित भएको हो ।

ठूला कम्पनीको शेयर कारोबार ६४ हजार एक सय ४०, जोशी हाइड्रोपावर रु १० करोड १४ लाख एक सय ९२, सगरमाथा जलविद्युत् कम्पनी रु नौ करोड २७ लाख ९३ हजार पाँच सय ९८ र युनियन हाइड्रोपावर रु सात करोड ६१ लख १८ हजार एक सय सात मूल्यमा खरिद बिक्री भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र समाज



मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ३५ अङ्कले ओरालो लागेर तीन सय ६५ दशमलव २० मा सीमित भएको हो । कारोबार भएका कूल १३ उपसमूहको शेयर मूल्यम गिरावट भएको छ । कूल एक करोड सात लाख ७२ हजार चार सय ८३ कित्ता शेयर रु तीन अर्ब ७७ करोड ५४ दाख २२ हजार एक सय ९६ मूल्यमा कारोबार भयो ।

का रो बा र का आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु ४० करोड ९० लाख बराबरको कारोबार भयो । एनआइसी एशिया बैंक रु १३ करोड ६५ लाख लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । किसान लघुवित्त आठ दशमलव २२, युनियन हाइड्रोपावर छ दशमलव ६५ र आशा लघुवित्तका लगानीकर्ताले छ दशमलव शून्य चार प्रतिशतले कमाएका छन् । त्यस्तै, सामलिङ पावर आठ दशमलव २१, दोर्दी खोला जलविद्युत् कम्पनी छ दशमलव १५, पाँचथर पावर कम्पनी पाँच दशमलव ९१, बाराही हाइड्रोपावर पाँच दशमलव ८२ र एनआइसी एशिया ग्रोथ फण्डका लगानीकर्ताले पाँच दशमलव ६१ प्रतिशतले गुमाएका छन् ।

# हिम्मतले भेडीगोठ धानेका हिमबहादुर

बेनी । दिनभर भेडाबाख्रालाई जङ्गलका चरन क्षेत्रमा लैजाने हिमबहादुर छन्त्यालको रात त्रिपाल मुनि बित्ने गरेको छ । धवलागिरि गाउँपालिका-५ मल्कबाङका उनले यसरी जङ्गलमा भेडीगोठमा बस्न थालेको आठ वर्ष पुगेको छ । करिब दुई दशक लामो वैदेशिक रोजगारीबाट आफ्नो घरपरिवारलाई पोखरामा बसोबासको प्रबन्ध मिलाएर उनी भने आफ्नो पुर्ख्यौली थातथलोमा पुर्खाकैपेसालाईपछ्याउँदैभेडीगोठ पस्नुभएको थियो ।

सहरको सुविधासम्पन्न जीवनशैली छाडेर परम्परागत घुम्ती गोठ राखेर भेडापालन गर्ने पेसा अँगाल्नुभएका उनी अधिकांश समय पहाडी, उच्च पहाडी र हिमाली क्षेत्रका वन, जङ्गल, बुकी र खर्कमा भेटिनुहुन्छ । उनले करिब पाँच सय ५० बढी भेडाबाख्रा रहेको 'मल्कबाङ भेडाबाख्रा' फार्म सञ्चालन गर्दै आउनुभएको छ । हिउँदमा बैंसीका फाँटसम्म झारिने भेडीगोठ बर्खा लागेपछि हिमालका बुकीहरूमा पुर्याउने गरिन्छ ।

करिब तीन महिनासम्म मुस्ताङका हिमाली जङ्गलमा हुर्काएका भेडाहरूलाई यतिबेला छ महिनापछि आफ्नै गाउँ मल्कबाङको फाँटमा ल्याएको उनले बताए । मल्कबाङ गाउँको फेदी हुँदै बग्ने खालीखोलाको किनारमा रहेका बारीको फाँटमा उनीको भेडीगोठ राखिएको छ । घुम्ती गोठका भेडाबाख्रालाई एकै ठाउँमा राखेर पाल्न नमिल्ने भएकाले बैंसीका खेतबारीलाई मल पनि हुने र घाँस पनि व्यवस्थापन हुने भएकाले बारीको पाटा-पाटामा गोठ सार्ने गरिन्छ ।

मुस्ताङबाट गोठ हिँडाएको एक महिनामा गाउँमा आउन सफल भएको किसान छन्त्यालको भनाइ छ । मुस्ताङको कोबाङ मुलीबुकीबाट लेते हुँदै म्याग्दीको दाना ल्याएर त्यहाँबाट भुरुङ, दोबा, बेग, चिमखोला,कुइनेमङ्गलेकोलेकाली क्षेत्र र वनजङ्गल हुँदै भेडीगोठलाई मल्कबाङ ल्याइपुर्याएको उनले बताए । "वैशाख-जेठसम्म



अब बैंसी र पहाडका फाँट र जङ्गलमै भेडीगोठ राख्छौँ, जेठको अन्तिमतिरमात्रै हिमाली बुकीहरूमा पुग्छन् गोठ, धवलागिरि हिमालको आधार शिविरसम्म नै गोठलाई लैजाने गर्छौं", उनले भने ।

घुम्ती गोठ राखेर गरिने परम्परागत पशुपालन हराएर जाने अवस्थामा आएपछि आफूले पुर्ख्यौली पेसाको निरन्तरता र स्थानीयस्तरमै आत्मनिर्भर बन्ने उद्देश्यले भेडापालन गरेको उनले बताए । "पहिले गाउँका सबैको गोठ थिए, भेडाबाख्रा र गाईभैँसीलाई घुम्ती गोठ राखेर पालन गरिन्थ्यो, आज त्यो परम्परागत पेसा हराएर जान थालेको छ, हाम्रो बाबुबाजे सबैले यहीँका भिर-पाखामा पसिना बगाउनुभएको छ, हाम्रो जिजुहरूले पनि भेडापालन नै गर्नुभएको थियो, पुर्खाको पेसालाई पछ्याउँदै म पनि भेडीगोठ पसेको हुँ", उनले भने ।

सहरको सुविधालाई छाडेर गाउँ पसेकामा आफूलाई पछुतो नभएको र गौरवको अनुभूति हुने गरेको उनी बताउछन् । "मेरो सीपले सहरमै पनि सुविधायुक्त जीवनयापन गर्न सक्ने थिएँ, तर पुर्ख्यौली ठाउँले मलाई तान्यो, म आफ्ना पुर्खाको पसिनाले सिञ्चित भएको वनजङ्गलमै रमाउन आएको हुँ, यहाँका हरेक खर्कमा मलाई मेरा पुर्खाहरूको आशीर्वाद मिलेजस्तो सन्तुष्टि मिलेको छ", उनी भन्छन् ।

सत्चालीस वर्षका छन्त्यालले भेडापालनबाट वार्षिक रु २० देखि २५ लाखसम्मको भेडाबाख्रा बिक्री हुने गरेको बताउछन् । "भेडाबाख्राको बजारीकरणमा समस्या छैन, भेडा साढँ र खसीबोको खोज्दै ग्राहक गोठमै आइपुग्छन्, हिउँदयाममा चरन क्षेत्रको अभावले धेरै पाल्न सकिँदैन", उनले भने । बर्खायाममा बुकीमा चरन क्षेत्रको अभाव नहुने भए पनि हिउँदयाममा बैंसीमा चरन क्षेत्र र घाँसको अभाव हुने भेडापालक किसान बताउँछन् ।

दसैँ र तिहारको समयमा सर्वसाधारणदेखि व्यापारीसमेत गोठमा पुगेर भेडा, खसी खरिद गर्ने गर्छन् भने स्थानीयस्तरमा हुने मण्डली, भुमे, सिद्ध, देउराली, मालिकालगायतका देवीदेवताको थानमा पूजा गर्न र भाकल पूरा गर्नसमेत साँढ र बोका धेरै खपत हुने गरेको छ । हिमाली बुकीमा समेत पालिने भएकाले भेडीगोठका भेडाको माग अत्यधिक हुने गर्छ । भेडापालन पेसा अधिकांश समय वनजङ्गलमै बस्नुपर्ने भएकाले गोठाला पाउन मुस्किल पर्छ ।

जङ्गलमा भेडीगोठमा बाघ, भालुको आकर्षणदेखि चट्याङ, वर्षा, हिमपातलगायतका प्राकृतिक विपत्तिको समेत सामना गर्नुपर्छ । आफूले निरन्तररूपमा अस्थायी टहराका लागि माग गरे पनि सम्बोधन नभएको छन्त्यालले बताए । उनले हिमपात र भारी वर्षा हुँदा भेडाका पाठापाठी बचाउन मुस्किल पर्ने भएकाले आफूले चरन क्षेत्रमा सामूहिकरूपमा भेडाबाख्रा राख्न मिल्ने अस्थायी टहरा बनाउन माग गरेको बताए । छन्त्यालको भेडीगोठमा अहिले तीनजना हेरालु छन् भने वन्यजन्तुको आक्रमणबाट बचाउन पाँचवटा भोटे प्रजातिका कुकुरसमेत रहेका छन् ।

पछिल्लो समय भेडापालन गर्ने किसान घट्दो छन् । युवापुस्ता रोजगारका लागि विदेश पलायन हुने र गोठ बस्न कठिन हुने भएकाले घुम्ती गोठको भेडापालन हराएर जाने अवस्थामा पुग्न थालेको छ । हराउँदो घुम्ती गोठमा पशुपालन गर्ने परम्परात पेसालाई अंगालेर स्वदेशमै आत्मनिर्भर बन्न सकिन्छ भन्ने सन्देश हिमबहादुरको हिम्मतले देखाएको धवलागिरि गाउँपालिका-५ कल्कबाङका वडाध्यक्ष अमर छन्त्यालले बताए ।

"दुई दशक लामो समय विदेश बसेर पुनः आफ्नै गाउँठाउँमा फर्किएर भेडापालन गरेका हिमबहादुरको हिम्मत सबैका लागि प्रेरणादायी छ, अहिले युवाहरू गोठ बस्न रुचाउने कुरा भएन, गोठलाई व्यवस्थित बनाउन र अनुदानमा सरकारी तवरबाट खासै प्रोत्साहन हुनसकेको छैन, तर हामीले उनीलाई आवश्यक सहयोग गर्न सहजीकरण गर्ने पहल थालेका छौँ", उनले भने ।रासस

# महोत्सवमा पातको माला प्रयोगमा

**टुडे समाचारदाता**

दमौली । तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा जारी तेस्रो शुक्लागण्डकी महोत्सवमा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको छ । महोत्सवमा खादा र ब्याचको सट्टामा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको हो । यसअघिका महोत्सवमा नगर र जिल्ला बाहिरबाट माला खरिद गरी ल्याउने गरिएकामा यसपटक समिको पातबाट बनाइएको माला र स्थानीय फूल प्रयोगमा ल्याइएको हो । साथै महोत्सवमा खादा र ब्याच प्रयोग गरिएको छैन ।




महोत्सव उद्धाटनका अवसरमा समिबाट बनेका माला आमन्त्रित व्यक्तिहरूलाई लगाइएको थियो । अन्य दिनहरूमा पनि अतिथि र कलाकारलाई स्थानीय माला प्रयोग गरिएको अतिथि सत्कार उपसमिति संयोजक जोशीला थापाले जानकारी दिए । शुक्लागण्डकी नगरपालिका-६ ले जनजाति लक्षित कार्यक्रमअन्तर्गत हालै २५ दिने बाँसका हस्तकला सामान बनाउने तालिम प्रदान गरेकामा सहभागी प्रशिक्षार्थीले सो माला बनाएका हुन् । उनीहरूले उत्पादन गरेका बाँसका सामग्री महोत्सवमा बिक्री र प्रदर्शनीका लागि राखिएको वडाध्यक्ष बुद्धिबहादुर थापाले जानकारी दिए । उनले भने, "तालिमको समापनका अवसरमा समि र फूल मिलाएर माला बनाएका थिए । सोही मालालाई महोत्सव आयोजकसँग कुरा गरी प्रयोगका लागि अनुरोध गरिएको हो । आयोजकले प्रतिमाला रु ३० दिएका छन् ।" महोत्सव मूल संयोजक एवं शुक्लागण्डकी नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष विमलप्रसाद रिमालले स्थानीयले उत्पादन गरी उपलब्ध गराउँछौँ भनेपछि आयोजकले उनीहरूलाई प्रोत्साहनका लागि पनि स्थानीय मालालाई नै प्राथमिकता दिएको बताए । उनले भने, "यस क्षेत्रमा अहिले फूल छैन, अतिथि सत्कारका लागि हामीले पनि बाहिरबाट खरिद गरी ल्याउनुपर्ने हुन्थ्यो ।"

तालिम लिएकी मधु थापाले तालिम सकिनेबित्तिकै आफूहरूको उत्पादनलाई प्राथमिकता दिएकामा धन्यवाद दिए । महोत्सवमा स्थानीयस्तरमा उत्पादित वस्तु बिक्री वितरणका लागि स्टल निःशुल्क व्यवस्था गरिएको छ । स्थानीयस्तरमा उत्पादित कृषि, घरेलुलगायतका सामग्री बिक्री वितरण र प्रदर्शनीका लागि स्टल निःशुल्क गरिएको सङ्घका उपाध्यक्ष सुजित हिराचनले जानकारी दिए । उनले भने, "स्थानीय उत्पादनले बजार पाओस् भन्नका लागि स्टल निःशुल्क व्यवस्थापन गरेका छौँ । यसले त्यस्ता सामग्रीको प्रवर्द्धनमा सहयोग पुग्नेछ ।"

महोत्सवमा अटोमोबाइल, होटललगायत अन्य व्यावसायिक स्टलसमेत गरी कुल एक सय ८० स्टल रहेका छन् । महोत्सवमार्फत शुक्लागण्डकी नगर क्षेत्रभित्र रहेका पर्यटकीयस्थलको प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ । महोत्सवमार्फत नै दगामस्थित घरबास (होमस्टे)को प्रचार-प्रसार र प्रवर्द्धन गरिने उनीको भनाइ छ । फागुन ८ गतेसम्म सञ्चालन हुने महोत्सव अवधिभर करिब रु तीन करोड आर्थिक कारोबार हुने लक्ष्य छ । त्यस्तै दुई लाख दर्शकले महोत्सव अवलोकन गर्ने अनुमान गरिएको आयोजकको भनाइ छ ।

महोत्सवमा राष्ट्रिय, प्रदेश तथा स्थानीयस्तरका कलाकारलाई समावेश गरिनेछ। यसैगरी महोत्सवको अवसरमा विद्यालयस्तरीय नृत्य, भलिबल, रत्यौली, गण्डकी गायन, र कौरा नृत्य प्रतियोगितालगायतका कार्यक्रम सञ्चालन हुनेछ ।

# खोले साग बिक्रीबाट तीन लाख आम्दानी

**टुडे समाचारदाता**

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोती नगरपालिका-७ का लक्ष्मी महतोको दम्पतीले पालुङ्गे (खोले) सागखेती गरेर मनग्य आम्दानी गर्न सफल भएका छन् । विगत दुई वर्षदेखि व्यावसायिकरूपमापालुङ्गेसागखेती गर्दै आएको महतो दम्पतीले वार्षिक रु तीन लाख भन्दा बढी आम्दानी गरेका छन् ।

सात कट्ठा क्षेत्रफलमा लगाइएको पालुङ्गे सागले मङ्सिरदेखि चैतसम्म राम्रो आम्दानी दिने किसान लक्ष्मीले बताए । केही वर्षअघिसम्म चैतेधान लगाउने गरेकामा विगत दुई वर्षदेखि पालुङ्गे साग लगाउन थालेको उनले बताए । "चैतेधानभन्दा यो साग लगाएपछि फाइदा भयो, यसमा सामान्य जैविक मल प्रयोग गर्छौं अरू केही गर्नु पर्दैन", उनले भने, " चैतेधानभन्दा यो सागखेतीले जीविकोपार्जनमा राहत पुर्याएको छ ।"

महतो दम्पतीले साग बिक्री गरेर यामअनुसार तीन महिनामा नै रु तीन लाखसम्म आम्दानी गर्न सफल हुनुभएको छ । माघमा मात्र पहिलो लट काटिएको सागबाट रु ८० हजारभन्दा धेरै आम्दानी गरिसकेको लक्ष्मीले बताए । मङ्सिरमा लगाएको पालुङ्गे साग चैतसम्म उत्पादन हुने गर्दछ । खोलामा खेर गइरहेको पालुङ्गे सागलाई पहिलोपटक दुई वर्षअघि बिक्रीका लागि बजार लैजाँदा ग्राहकाले मन पराएपछि यसैलाई व्यावसायिक खेती गरेको उनले जानकारी दिए ।

"यो सागलाई उपभोक्ताले अत्यधिकरूपमा मन पराएर दैनिकरूपमा माग बढ्दै गएको छ", उनले भने, "पालुङ्गे सागको माग फागुन-चैतमा अझै धेरै हुने गर्दछ ।" गर्मी मौसममा अन्य साग उत्पादन कमै हुने भएकाले पनि पालुङ्गे सागको माग अझ बढ्ने गरेको छ । एकपटक काटिसकेपछि पनि निरन्तर उम्रिने भएकाले लगानी र मेहनत कम पर्ने भएकाले किसानले यसबाट राम्रो फाइदा लिन थालेका हुन् । पूर्णरूपमा अर्ग्यानिक हुने र जुनसुकै प्रकारका बिरामीले पनि खान मिल्ने भएकाले बजारमा यसको माग बढ्दो रहेको किसान लीला थारूले बताए ।

"यसमा कुनै रासायनिक मल प्रयोग हुँदैन । मल विषादि प्रयोग नगरिने हुँदा यो पूर्णरूपमा अर्ग्यानिक हुन्छ । यो साग सङ्लो पानी बग्ने स्थानमा हुन्छ", उनले भने । खेत, खोला र सिमसार क्षेत्रमा पाइने पालुङ्गे साग अहिले ग्राहकले पनि अत्यधिक रुचाउन थालेका छन् । छिपछिपे पानी बग्ने खोलामा यो साग मौलाउने भएकाले यसलाई खोलेसाग पनि भन्ने गरिएको किसान थारूले बताए । "कतिपय ठाउँमा यसलाई सिमसाग पनि भन्ने गर्दछन्, यही साग बिक्री वितरणले हामीजस्तै धेरैको रोजीरोटी चलाएको छ", उनले भने ।पछिल्लो समय जिल्लाको सदरमुकाम कावासोती बजारलगायतका स्थानमा पालुङ्गे सागको राम्रो कारोबार हुने गरेको छ । यस वर्ष स्थानीय किसानले जिल्लाबाहिर बुटवल, नारायणगढलगायतका बजारमा समेत यो सागको राम्रो निर्यात गरेको बताएका छन् ।

# अध्यक्षविरुद्ध स्थानीय आन्दोलित गाउँपालिका अगाडि धर्ना

**टुडे समाचारदाता**




राजविराज । इटहर्वा बजारबासीहरुले सप्तरीको अग्नीसाईर कृष्णावरन गाउँपालिका अगाडि आइतबार धर्ना दिएका छन् । मालपोत कार्यालयले रोक्का गरेको बजारको जग्गा गाउँपालिका अध्यक्षले फुकुवा गर्न पत्राचार गरेपछि स्थानीय बजारबासीहरु गाउँपालिका कार्यालय अगाडि धर्नामा बसेका छन् ।

गाउँपालिका अध्यक्ष दीनानाथ चौधरीले इटहर्वा बजारको विवादित जग्गा भूमाफियाको प्रभावमा परेर फुकुवा गर्न मालपोत कार्यालय सप्तरीलाई पत्रचार गरेकोले निर्णय फिर्ता गर्न माग गर्दै आन्दोलनमा उत्रिएको स्थानीयले बताए ।

३४ बर्ष देखि हटियाले उपभोग गरेको सार्वजनिक जग्गा भूमाफियाले कब्जा गरेपछि विवादित अवस्थामा हुँदाहुँदै मालपोत कार्यालयले समेत रोक्का गरेको जग्गा गाउँपालिका अध्यक्ष चौधरीले फुकुवा गर्न पत्राचार गरेको विरोधमा आन्दोलनमा उत्रिएको बजार व्यवस्थापन समितिका अध्यक्ष मिलन चौधरीले बताए ।

निर्णय फिर्ता गर्ने आश्वासन दिए पनि गाउँपालिका अध्यक्षले बेवास्ता गरेकाले गाउँपालिका कार्यालय अगाडि धर्नामा बस्न बाध्य भएको उनले जानकारी दिए ।

"गाउँपालिका अध्यक्ष चौधरीले कार्यपालिकाबाट जग्गा रोक्का गर्ने निर्णय लिन्छौं भनेपछि यसअघिको तालाबन्दीको कार्यक्रम स्थगित गर्यौं, उनले भने, 'बैठक आह्वान समेत गरेपछि हामी पनि विश्वस्त भयौं तर अध्यक्ष चौधरीले बिमारी भएको नाटक गरी बैठक नै स्थगन गरे ।"

गाउँपालिका अध्यक्ष चौधरीले भुक्याएकोलेधर्नासमेतकोअनिश्चितकालीन तालाबन्दीसहितको १ हप्ताको चरणबद्ध आन्दोलनका कार्यक्रमसहित संघर्षमा उत्रनुपरेको बजार व्यवस्थापन समितिका सल्लाहकार योगेन्द्र प्रसाद चौधरी बताए । उनका अनुसार माघ ६ गतेदेखि ८ गतेसम्म गाउँपालिका अगाडि धर्ना दिने, माघ ९ गतेदेखि गाउँपालिका कार्यालय घेराउ गर्दै विरोध प्रदर्शन गर्ने, माघ १० गते गाउँपालिका अध्यक्षको कार्यकक्षमा तालाबन्दी गर्ने र माघ ११ गतेदेखि सम्पूर्ण कामकाज ठप्प हुने गरी अनिश्चितकालीन तालाबन्दी गर्ने चरणबद्ध आन्दोलनका कार्यक्रम रहेको छ ।

इटहर्वा बजार व्यवस्थापन समितिको नेतृत्वमा आयोजित धर्ना कार्यक्रममा अग्नीसाईर कृष्णासवरन गाउँपालिका अन्तर्गतका विभिन्न राजनीतिक दलका प्रतिनिधि, विभिन्न वडाका बासीहरु तथा स्थानीयबासीहरुको सहभागिता रहेको बजार व्यवस्थापन समितिका सचिव श्रवण चौधरीले जानकारी दिए ।

अग्नीसाईर कृष्णासवरन गाउँपालिका २ स्थित रहेको साविक सीतापुर गाविस वडा नम्बर ७( क) कि.नं. ६५५ क्षेत्रफल १ बिघा २ कट्ठा १७ धुर धनुषा साविक पौडेश्वर गाविस वडा नम्बर ६ का ४१ वर्षीय शत्रुधन प्रसाद ठाकुरको नाममा दर्ता कायम रहेको छ ।

उक्त जगा विभिन्न जालभेल गरेर व्यक्तिको नाममा पास गरेको भन्दै वडा कार्यालयले विगत ७ बर्षदेखि मालपोत रसिद काट्न रोकेका थिए । विवादित जग्गाको रसिद जनप्रतिनिधि र कर्मचारीलाई प्रभावमा पारी ठाकुरले वडा नम्बर ४ र ५ बाट मालपोत रसिद लिएको यसअघि नै सार्वजनिक भएको थियो । २०४४ सालमा तत्कालीन अञ्चलाधिश सुर्यसेन ओलीले उक्त बजारको उद्घाटन गरेका थिए । सोही जग्गा भूमाफियाहरुले २०७२ सालमा कब्जा गरी धनीपुर्जा लिएको स्थानीय बजारबासीको आरोप छ ।

उक्त प्रकरणमा गाउँपालिका उपाध्यक्ष एवम् न्यायिक समितिकी संयोजक कल्पना कुमारी चौधरीको अध्यक्षतामा बसेको बैठकले अध्यक्षले गरेको पत्राचार अवैध ठहर गर्दै बदरका लागि भूमिसुधार तथा मालपोत कार्यालयमा पत्राचार गरेका छन् भने निमित्त प्रमुख प्रशासकीय अधिकृत राज कुमार ठाकुरले अध्यक्षले गरेको जग्गा फुकुवाको सिफारिस रद्द भएको पत्र पठाएका थिए ।

सोही आधारमा जग्गा रोक्का फुकुवा तत्काल भएको तथा कार्यपालिकाको निर्णय पठाउन मालपोत कार्यालयले भनेपछि विवाद पुनः बल्भिएको स्थानीयले जनाएका छन् ।

# मुलुकको परिवर्तनमा पत्रकारिताको मुख्य भूमिका

**संघीयतालाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले एकअर्कालाई समन्वय र सहकार्य गरेर आम जनतालाई केन्द्रबिन्दुमा राखेर काम गरेमा यसले सार्थकता पाउने छ ।**




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको सभामुख रामचन्द्र मण्डलले संघीयता तीन वटै तहको समन्वय र सहकार्यताको मुख्य आधारभूत रहेको बताएका छन् ।

जनकपुरधाममा आइतबार राष्ट्रिय समाचार समिति (रासस) को ६३ औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको कार्यक्रममा सभामुख मण्डलले हजारौंको बलिदानीबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई कसैले चाहेर पनि चुनौती दिन नसक्ने दाबी समेत गरे ।

उनले संघीयतालाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले एकअर्कालाई समन्वय र सहकार्य गरेर आम जनतालाई केन्द्रबिन्दुमा राखेर काम गरेमा यसले सार्थकता पाउनेसमेत बताए ।

उनले एकात्मक व्यवस्था प्रणाली विरुद्धको आन्दोलनको कारणले परिवर्तन सम्भव भएर संघीय लोकतान्त्रिक गणतन्त्रमूलक व्यवस्थासहितको संविधानमा विकेन्द्रिकृत शक्ति र शासनको स्वरुप रहेकोले विविध भाषा, संस्कृति, क्षेत्र, धर्म, जातजातिलाई अधिकार प्राप्त भएको बताए । संघीयतामा पत्रकारिता र रासस विषयक कार्यक्रममा बोल्दै जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले पत्रकारिता आमजनताको लागि पहरेदारको रुपमा स्थापित रहेकाले यस माध्यमबाट अनेकन परिवर्तनका लागि मुख्य भूमिका रहँदै आएको चर्चा गरे ।

उनले मुलुकको पहिलो भाषा नेपाली र दोस्रो भाषा मैथिली रहेकाले आफ्नो मातृभाषा मैथिलीको लागि जनकपुरधाम उपमहानगर कहिल्यै पनि पछि नहट्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले सरकार, जनता तथा सेवाग्राहीप्रतिको राससको दायित्व रहेकाले यसप्रति आत्मसात गरी राज्यको लगानीमा नागरिकको करबाट राससको स्थापना भएको बताए ।

वार्षिकोत्सव कार्यक्रममा प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डे, रासस मधेश प्रदेशका पूर्व प्रमुख हिमांशु चौधरी, जिल्ला धनुषा समन्वय समितिका सभापति राजनन्दन मण्डल, नेपाल पत्रकार महासंघकी केन्द्रीय सदस्य रिंकु मिश्र 'गायत्री', नेपाल पत्रकार महासंघ धनुषाकी अध्यक्ष मनिका झा, आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव, उद्योग बाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठलगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# हाकिमलाई हाजिर गराउन अन्तरिम आदेश

**टुडे समाचारदाता**

राजविराज । राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङले नगरपालिकाको निर्णयविरुद्ध दिएको उत्प्रेषण मुद्दामा अदालतले यसअघि उनको पक्षमा गरेको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ ।

आफूलाई गैरकानुनी ढंगले संघीय मामिला तथा सामान्य मन्त्रालय फिर्ता पठाउने निर्णय गरिएको भन्दै प्रमुख प्रशासकीय अधिकृत गुरुङले कार्यवाहक नगरप्रमुख इसरत परविनसहित राजविराज नगरपालिका कार्यालयलाई विपक्षी बनाउँदै उच्च अदालत जनकपुर-राजविराज इजलासमा उत्प्रेषण रिट दायर गरेका थिए ।

दुबै पक्षको ६ घण्टा लामो बहस पश्चात् आइतबार न्ययाधीश अर्जुन अधिकारी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलासले यसअघि फागुन २ गते जारी अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिइने आदेश जारी गरेको छ ।

सुनुवाईका क्रममा विपक्षी बनाइएका नगरपालिका र कार्यवाहक प्रमुखको तर्फबाट १६ जना कानुनी व्यवसायीहरुले वहस गर्दा रिट निवेदक प्रमुख प्रशासकीय अधिकृत गुरुङले भने कुनै कानुन व्यवसायी नराखी आफू स्वयम नै बहसमा सहभागी भए ।

गत फागुन १ गते नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृत गुरुङलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय फिर्ता पठाउने निर्णय गरेको थियो । उक्त निर्णय विरुद्ध गुरुङ अदालत पुगेका थिए । अधिकृत गुरुङले फागुन २ गते उक्त




निर्णय बदरका लागि उत्प्रेषण आदेश गरी पाउ भन्दै अदालतमा रिट दर्ता गरेका थिए ।

उक्त रिट उपर सुनुवाई गर्दै फागुन २ गते न्यायाधीश कौशल चन्द्र सुवेदीको इजलासले निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने ? आदेश जारी नहुनु पर्ने कुनै आधार र कारण भए सो समेत उल्लेख गरी १५ दिन भित्र आफै वा कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी आदेश जारी गरेको थियो । आदेशमा फागुन ६ गते दुबै पक्षको उपस्थितिमा छलफल गराइ निष्कर्षमा पुग्न उपयुक्त हुने भन्दै सो प्रयोजनका लागि पेशी समेत तोकिएको थियो ।

यस्तै आदेशमा अन्तरिम आदेशको छलफलका लागि पेशी तोकिएको मिति सम्म निवेदकलाई हाजिर भइ नियमित कामकाज गर्न अवरोध नगर्नु/गर्न नदिनु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरुको नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरी दिएको समेत उल्लेख गरिएको थियो ।

# कोशी पीडित काठमाण्डुमा

**टुडे समाचारदाता**

राजविराज । मुआब्जाको आशमा विगत ७० वर्षदेखि संघर्षरत कोशी कटान पीडितले सरकारसंग कोशी नदीको दुबै तटबन्ध भित्रको छुट जग्गाहरुको नाप नक्शा गरी जग्गा धनी पुर्जा उपलब्ध गराउनुका साथै मुआब्जा र बालीनालीको क्षतिपूर्तिका लागि भारत सरकारसंग कुटनीतिक पहल गर्न माग गरेका छन् ।

कोशी पीडितहरुद्वारा गठित कोशी कटान डुबान पीडित संघर्ष समिति सुनसरी, उदयपुर र सप्तरीले सरकारलाई एक पत्र बुझाउँदै यस्तो माग गरेका छन् । कोशी पीडितहरुले तीन पुस्तासम्म पनि आफूहरुले मुआब्जा नपाएको गुनासोसहित वेला वेलामा स्थानीयस्तरमा विभिन्न कार्यक्रम गरी आन्दोलन गर्दै आएका छन् ।

तर हाल सम्म कुनै सुनुवाइ नभएकाले पछिल्लो पटक संघर्ष समितिका पदाधिकारी सम्मिलीत टोली काठमाण्डु मै पुगी भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री रंजिता श्रेष्ठ चौधरीलाई पत्र बुझाई अविलम्ब समस्या समाधानका लागि पहल गर्न माग गरिएको कोशी कटान डुवान पीडित संघर्ष समिति सुनसरी, उदयपुर र सप्तरीका संयोजक महिदेव प्रसाद चौधरीले जानकारी दिए ।

पत्र बुझाएर फर्केपछि आइतवार राजविराजमा संचारकर्मीहरुसित कुरा गर्दै उनले कोशी सम्झौता हुँदा भारतीय पक्षले डुवान क्षेत्रको मुआब्जा दिने भने पनि नदिएको तथा नेपाल सरकारले पनि सम्झौता कार्यान्वयनका लागि ठोस पहल नगरेको बताए ।

वि.स.२०११ सालमा नेपाल-भारतबीच भएको कोशी सम्झौता अनुसार कोशी योजना अन्तर्गत परेको जग्गाको मुआब्जा तथा क्षतिपूर्ति भएको बाली नालीको क्षतिपूर्ति भारत सरकारले दिनु पर्ने उल्लेख भए पनि भारतीय सरकारबाट सो को पालना हुन नसकेको सन्दर्भमा काठमाण्डु पुगेको टोलीले उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, राष्ट्रिय भूमि आयोगलाई समेत समस्या समाधानका लागि पहल गर्न मागसहित ध्यानाकर्षण पत्र बुझाएको टोलीमा सहभागी संघर्ष समितिका कोषाध्यक्ष कासिम अन्सारीले बताए ।

पत्रमा कोशी सम्झौता बमोजिम मुआब्जा र क्षतिपूर्तिको माग गर्न आवश्यक पर्ने कागजातहरु भू-आर्जन कार्यालय कोशी योजना विराटनगरमा पठाई सकिएको जानकारीसहित दुबै देशका सर्वेक्षक तथा निरीक्षकबाट कटान र डुबानमा परेको छुट जग्गाहरुको समेत नाप नक्शा गरी जग्गा धनी पुर्जाको व्यवस्था गर्न माग गरिएको छ ।

२०८० साल माघ १ गते मन्त्रिपरिषद्को निर्णयले छुट जग्गा दर्ता गर्न भनेकाले समय मै कोशी पीडितहरुको छुट भएको जग्गाहरुको समयमा नाप नक्शा गराइ मुआब्जा र क्षतिपूर्तिका लागि भारत सरकारसँग कुटनीतिक पहल गर्न संघर्ष समितिले पत्रमार्फत माग गरेका छन् ।

सुनसरीको चतरादेखि भारतीय सीमा क्षेत्र कुनौली बोर्डरसम्म दुबै तटबन्धबीचमा पर्ने हजारौ विघा बालीनाली कोशीको बाढीले बर्षेनि क्षति हुने गरेको भए पनि यसको क्षतिपूर्ति प्राप्त नभएको कोशी पीडितको गुनासो छ ।

किसानहरुको हजारौ विग्हा जग्गा कटान भएको तथा बालीमा भएको क्षतिका बारेमा सन् २०१३ मा दिल्लीमा भएको नेपाल-भारत सिँचाई जलश्रोत मन्त्रीस्तरीय बैठक तथा सन् २०१४ मा काठमाण्डुमा आयोजित विदेशमन्त्रीस्तरीय बैठकमा समेत यो विषय समावेश भए पनि आश्वासन बाहेक केही पाउन नसकेको कोशी पीडितहरुको भनाइ छ ।

# प्रधानमन्त्रीलाई लालबन्दी नपाको ज्ञापन

**टुडे समाचारदाता**

मलंगवा । लालबन्दी नगरपालिकाले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण गरी व्यवस्थित बसोबासको व्यवस्था मिलाइदिन माग गर्दै चार बुँदे ज्ञापनपत्र बुझाएको छ । लालबन्दीका नगर प्रमुख बासुदेव अधिकार ीसहितको टोलीले आइतवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारलाई सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमल प्रसाद धमला मार्फत ज्ञापनपत्र बुझाएका छन् ।

वन ऐन र भूमि ऐन बासिन्दा जग्गा दर्ता कार्यमा ढिलासुस्ती भएको बुझिएकोले बाझिएका कानुनी व्यवस्थालाई खारेजी, भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको कार्य अन्तर्गत लालबन्दी नगरपालिका वडा न-९ को स्थानीय तहले र नापी टोलीबाट पठाइएको कागजात राष्ट्रिय भूमि आयोग जिल्ला समिति सर्लाहीबाट जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गरी वितरण गर्न खोज्दा मधेश प्रदेश उद्योग पर्यटन तथा वन मन्त्रालयको बैशाख ७ गतेको पत्र र मिति २०७९ साल चैत्र २९ गतेको टिप्पणी आदेश निर्णयबाट रोक्का गरिएको कार्य फुकुवा, अव्यवस्थित बसोबासीको जग्गा दर्ता प्रक्रिया अगाडि बढाउनुपर्ने र विगतका आयोग, समिति र कार्यदलका बाँकी कामहरु सम्पन्न गर्ने सम्बन्धी कार्यविधि २०७८ परिच्छेद २ मा बाँकी कामहरु सम्पन्न गर्ने गराउने सम्बन्धी (३,४,५,६,७)ले दिएको अधिकार प्रयोग गरी लालबन्दी नगरपालिकाको वडा न-६,८,९ र १० को अधुरा अपुराको कार्य अघि बढाउनुपर्ने लगायतका माग राख्दै ज्ञापनपत्र बुझाएको नगर प्रमुख अधिकारीले बताए ।

**रक्तदान गरौं, स्वस्थ्य जीव बिताऔं**

- तपाई हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ्य व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठुलो दान अर्थात् जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं ।

आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**
**लेखापाल - २ (दुई) जना**
(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क
**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८